मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : १०९ ★ ने. सं. ११४४ बछला थ्व, चतुर्थी ★ शनिबार ★ २९ वैशाख, २०८१ ★ May 11, 2024, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# पहिलो बैठकमै संसद्मा अवरोध !

काठमाडौँ, २८ वैशाख । सङ्घीय संसद्को तेस्रो अधिवेशन सुरु भयो । अपराह्न २ बजे निर्धारित प्रतिनिधिसभाको बैठक दुई घण्टा ढिलो अपराह्न ४ बजे सुरु भयो ।

सभामुख देवराज घिमिरेले संसद् प्रजातन्त्रको आधार भएको उल्लेख गर्दै संसदीय अभ्यासलाई उचाइमा पुऱ्याउने सरकारको काम भएको उल्लेख गर्नुभयो ।

बैठकको कारबाही अघि बढ्न लागेपछि नेकाका सांसदहरू आ-आफ्नो स्थानमा उभेर बोल्न समय माग गरे ।

नेकाका सांसद गगन थापाले जसपाका उपेन्द्र यादव र अशोक राईमा विभाजन भएको प्रसङ्ग उठाउँदै सरकारसँग दल फोड्ने काम कति बाँकी छ भनी प्रश्न उठाउनुभयो ।

गृहमन्त्री रवि लामिछानेको नाममा सहकारी संस्थाबाट एक अर्ब रुपैयाँभन्दा बढी ऋण भएको प्रमाण आफूहरूसँग भएको उल्लेख गर्दै सांसद गगन थापाले गृहमन्त्री लामिछानेबाट भएको सहकारी ठगीको संसद्मा छानबिन समिति गठन नभएसम्म संसद् बैठक अगाडि बढाउन नदिने ठोकुवा गर्नुभयो ।

सभामुख घिमिरले बैठकको कारबाही अगाडि बढाउन खोजेपछि नेकाका सांसदहरूले 'सहकारी पीडित' लाई न्याय दे !', 'सहकारी ठगलाई कारबाही गर', 'सहकारी ठगीबारे संसदीय छानबिन समिति गठन गर', 'संसदीय मर्यादा कायम गर', 'जबरजस्ती चल्दैन' लगायत नारा लगाएका थिए ।

नेकाका गगन थापाले गृहमन्त्री लामिछानेलाई संरक्षण गर्न प्रधानमन्त्री, प्रहरी, महान्याधिवक्तालगायत राज्यको संयन्त्र दुरुपयोग गरेको उल्लेख गर्दै राजिनामा दिनुपर्दैन भन्दा पनि छानबिन



समिति गठन गर्न सरकार तयार नभएको बताउनुभयो ।

अपराह्न ४:२० बजे बैठक १५ मिनेटको लागि स्थगित गरियो ।

साँझ ५: ४७ बजे बैठक सुरु भयो । नेकाका सांसदहरूले उठेर सभामुख अगाडि नारा लगाएका थिए । सभामुख घिमिरेले गृहमन्त्री रवि लामिछानेलाई बोल्न दिने कार्यसूची भएको बताउनुभयो । गृहमन्त्री लामिछाने आफ्नो स्थानबाट उठेर रोस्टमतर्फ जान खोज्नुभयो । नेकाको अवरोध कायम भएपछि बैठक जेठ १ गते साँझ ६ बजेसम्मको लागि स्थगित गरियो ।

सरकारले जेठ १ गते नीति तथा कार्यक्रम पेस गर्ने तयारी गरेको छ । नेकाले नीति तथा कार्यक्रममा अवरोध नगर्ने समाचार छ ।

देश र जनताको सेवा नगरेका राणा शासन, पञ्चायत सरकार तथा २५० वर्षको राजतन्त्र समाप्त भयो । सरकारले देशको सन्तुलित विकास गर्नु जरुरी छ । बसाइँसराइ बढ्दा काठमाडौँ उपत्यका संसारकै प्रदूषित सहर भयो । यहाँका बासिन्दा फोक्सो, मुटु, किड्नी, छालाको रोगबाट मर्ने खतरा बढ्यो । काठमाडौँ उपत्यकाको लागि खानेपानी व्यवस्था गर्न झण्डै ७० अर्ब ऋण बोकाएको मेलम्ची खानेपानी आयोजना पनि सफल भएन । काठमाडौँ उपत्यकाका खोलानालाहरू हनुमन्ते, खासाङखुसुङ, वाग्मती, विष्णुमती, मनोहरालगायत १८ ओटा नदीनाला अहिले प्रदूषित छ । अहिलेसम्म पनि किसानले सस्तो र सुलभरूपमा मल पाएका छैनन् । सार्वजनिक संस्थान कौडीको मूल्यमा बिक्री गरेका सरकारहरूले ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठायो । कृषिप्रधान देशका प्रधानमन्त्री र मन्त्रीहरू धान, चामल, तरकारी इन्डियासँग किनेर जनतालाई महँगोमा बेच्दै छन् । बहुदल र गणतन्त्रका सरकार 'आज नगदी भोलि उधारो' खालका व्यापारीजस्तै भए ।

देशको सामान्य अवस्थामा सरकारले संसदको अधिवेशन बन्द गरी अध्यादेशबाट शासन गर्नु प्रजातन्त्रविपरीत र निरङ्कुशता हो । अर्काको 'आस भौकै बास' भन्ने नेपाली उखान नै छ । विदेशी पुँजी लगानी ल्याएर देश विकास हुने होइन उपनिवेश हुने हो । सरकारले देश विकास गर्न नेपाली जनतासँगको पुँजी परिचालन गर्नुपर्दछ । विदेशी पुँजीको पछि लाग्नु ठीक होइन । यो त मालिकको पछि पछि लाग्ने कुकुरजस्तै हो ।

सम्पत्ति शुद्धीकरणको नाममा स्रोत नखुलेको सम्पत्तिमा राजस्व तिराएर वैध बनाउनु चोरसँग सरकारले भागबन्डा लिनुजस्तै हो । दक्षिण पूर्वी एसिया र दक्षिण एसियाको विकासको लागि बिम्स्टेकमा पाकिस्तान र चीन पनि सदस्य हुनु जरुरी छ । तर, इन्डियाले नचाहेपछि बिम्स्टेकमा पाकिस्तान र चीन नभए पनि नेपाल सरकारले समर्थन गऱ्यो । पहिलो र दोस्रो विश्वयुद्धमा साम्राज्यवादको विरोध गरेका देशहरूलााई आतङ्कवादको आरोप लगाई आक्रमण गरिँदै छ । यो सिलसिला प्यालेस्टिनीविरुद्ध इजरायलको भूमि कब्जा र जातीय नरसंहार तथा युक्रेनमा रुसविरुद्ध अमेरिकी छदम्युद्धको रूपमा अहिले पनि चालु छ । सौर्य ऊर्जा उत्पादन गर्न दिल्लीको सहकारी आवश्यक हुने सौर्य गठबन्धन सम्झौता र बिजुली बाल्ने र निभाउने संयन्त्र दिल्लीमा हुने सार्क विद्युत् ग्रीड सम्झौता संसद्को बहुमतबाट पारित गरिनु देशघात नै हो ।

अस्पतालहरूले स्वास्थ्य बीमाको करोडौँ करोड रुपैयाँ भुक्तानी पाएका छैनन् । के सरकारले स्वास्थ्य बीमाका बिरामीलाई उपचार नगराई मृत्यु गराउने हो ? प्रधानमन्त्री, मन्त्री, मुख्य सचिवहरू के गर्दै छन् ? देशघाती महाकाली सन्धिको मस्यौदा गर्ने कर्मचारीहरूले खुला सिमानाका सीमास्तम्भ नेपालतर्फ सार्न मिल्ने भनी सही गरे । इन्डियाको क्वारेन्टाइन सुरक्षा जाँच नेपालभित्र हुनुपर्छ भनी सचिवले सही गरे । विदेशी सुरक्षा चौकी अन्तर्राष्ट्रिय विमानस्थलमा हुनुपर्ने भनी नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकले सहमति दिएका हुन् । यी विषयमा सरकारले संसद्मा बोल्न दिएको छैन ।




# राष्ट्राध्यक्ष सी चिनफिङ तथा हङ्गेरीका प्रधानमन्त्री ओर्बानबिच भेटवार्ता



पेइचिङ, १० मे (सीआरआई) । मे ९ का दिन दिउँसो चीनका राष्ट्राध्यक्ष सी चिनफिङले बुडापेस्टस्थित प्रधानमन्त्री भवनमा हङ्गेरीका प्रधानमन्त्री ओर्बान भिक्टोरसँग भेटवार्ता गर्नुभएको छ । सो अवसरमा दुवै देशका राष्ट्रनायकले चीन-हङ्गेरी सम्बन्धलाई नयाँ युगमा हरपरको सम्पूर्ण रणनीतिक साझेदारी सम्बन्धको रूपमा उकासिने घोषणा गर्नुभएको छ ।

वार्ताको क्रममा राष्ट्राध्यक्ष सीले चालु वर्षको उत्तरार्द्धको युरोपेली सङ्घको वर्तमान अध्यक्ष मुलुकको हैसियतले हङ्गेरीले चीन-युरोप सम्बन्धलाई स्वस्थ र स्थिररूपमा विकसित पार्नका लागि सकारात्मक भूमिका निर्वाह गर्दै जाने आशा व्यक्त गर्नुभएको छ ।

प्रत्युत्तरमा प्रधानमन्त्री ओर्बानले चीनसँगको बहुपक्षीय सम्पर्क र सहकार्यलाई सबल पारी सँगै मिलेर विश्व शान्ति र स्थिरताको संरक्षण गर्दै जान हङ्गेरी इच्छुक रहेको कुरामा जोड दिनुभएको छ ।

दुवै देशका राष्ट्रनायकले युक्रेन सङ्कटबारे पनि गहनरूपमा वैचारिक आदानप्रदान गर्नुभएको छ । वार्ता सम्पन्न भएपछि दुवै देशका राष्ट्रनायकले संयुक्त बेल्ट एन्ड रोडको निर्माण, अर्थतन्त्र-व्यापार, लगानी, विज्ञान-प्रविधि, संस्कृति, कृषिलगायतका विविध द्विपक्षीय सहयोगात्मक दस्तावेजको साटासाटमा पनि साक्षी बस्नुभयो । उहाँहरूले संयुक्तरूपमा पत्रकारसँग पनि कुराकानी गर्नुभयो । यसका अतिरिक्त दुवै पक्षले 'नयाँ युगमा हरपरको सम्पूर्ण रणनीतिक साझेदारी सम्बन्ध स्थापनासम्बन्धी चीन-हङ्गेरी संयुक्त वक्तव्य' पनि जारी गरेका छन् ।

मे ९ का दिन दिउँसो चीनका राष्ट्राध्यक्ष सी चिनफिङले बुडापेस्टस्थित प्रधानमन्त्री भवनमा हङ्गेरीका प्रधानमन्त्री ओर्बान भिक्टोरसँग भेटवार्ता गर्नुभएपछि संयुक्तरूपमा पत्रकारसँग भेटघाट गर्नुभएको छ ।

भेटको अवसरमा राष्ट्राध्यक्ष सीले चीन - हङ्गेरी सम्बन्धलाई नयाँ युगमा हरपरको सम्पूर्ण रणनीतिक साझेदारी सम्बन्धको रूपमा उकासिने घोषणा


*बाँकी पृष्ठ ८ मा*

# ललितपुरमा मार्क्स र एङ्गेल्सको सङ्क्षिप्त जीवनी पुस्तकको अन्तरक्रिया

ललितपुर, २८ वैशाख । विश्व सर्वहारावर्गका महान् गुरु कार्ल हेनरिक मार्क्स र फ्रेडरिक एङ्गेल्सबारे नयाँ पुस्तालाई शिक्षित गर्ने उद्देश्यले साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित मार्क्स र एङ्गेल्सको सङ्क्षिप्त जीवनी पुस्तकको अन्तरक्रिया कार्यक्रम नेपाल मजदुर किसान पार्टी महालक्ष्मी नगर समिति, ललितपुरको आयोजनामा थसीमा भयो ।

कार्यक्रममा नेमकिपा ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले भन्नुभयो, "संसारका सचेत कामदार जनता, संवेदनशील बुद्धिजीवी समुदाय र मानव जातिको विकासबारे सूक्ष्म ढङ्गले चिन्तन गर्ने लेखक, कवि र कलाकारहरूले कार्ल मार्क्सको २०६ औँ वर्षको जन्मोत्सव मनाइरहेका छन् ।"

"मानवको जीवनमा संसारलाई परिवर्तन गर्ने एउटा सिद्धान्त दिनसक्नु



एक महान् काम हो । डार्विनले जीव विज्ञानको क्षेत्रमा विकासको नियम पत्ता लगाउनुभयो । त्यसले जीव जगतमा मात्र होइन समाजशास्त्र र राजनैतिक क्षेत्रमा समेत प्रभाव पाऱ्यो ।" उहाँले उल्लेख गर्नुभयो ।

"कार्ल मार्क्सले मानव इतिहासको नियम पत्ता लगाउनुभयो; अर्थशास्त्रमा अतिरिक्त मूल्य पत्ता लगाउनुभयो उहाँले उल्लेख गर्नुभयो ।

नेमकिपा महालक्ष्मीका सदस्य तथा नेक्राकिसङ्घ ललितपुर जिल्ला समितिका सदस्य चन्द्रराज महर्जनले मार्क्सवादबारे व्याख्या गर्दै भन्नुभयो, "समाजवाद सम्पूर्ण कामदारवर्ग र मानव जातिको मुक्तिको पहिलो खुड्किलो हो । मार्क्स र एङ्गेल्सको उद्देश्य कामदारवर्गको मुक्ति र सर्वहारावर्गको राज्यव्यवस्था स्थापना गर्नु थियो ।"

नेपाल मजदुर किसान पार्टी महालक्ष्मी नगर समितिका सदस्य आशाराम महर्जनले उत्पादनका साधन तेरो मेरो नभएपछि जनतामा आर्थिक समानतातिर समाज अग्रसर हुने, अस्पताल, बस सेवा, बैङ्क, हवाई सेवा आदि सबै एक एक पाइला गरी सामाजिकीकरण गर्दै अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ ललितपुर जिल्ला सदस्य रुपा महर्जनले कार्ल मार्क्सले सम्पूर्ण मानव जातिको कल्याण गर्ने नयाँ साम्यवादी विचारको प्रतिपादन गर्नुभएको, साम्यवादी व्यवस्थामा वर्गविहीन, शोषणरहित, गाउँ र सहर, मजदुर र किसान, शारीरिक र बौद्धिक श्रमको भेद हट्ने, योग्यताअनुसारको काम र आवश्यकताअनुसारको आपूर्ति हुने बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा कृष्णराज महर्जन, अनिता महर्जन, इन्द्रराज महर्जन र अनिष महर्जनलगायतले आफ्नो प्रस्तुति राख्नुभएको थियो ।



प्रतिनिधिसभा बैठक

सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा शुक्रबार सङ्घीय संसद् बर्खे अधिवेशनअन्तर्गत बसेको प्रतिनिधिसभा बैठक । *तस्बिर : रत्न श्रेष्ठ/रासस*

# नेपालको समृद्धिका निम्ति स्वदेशमै काम गर्न अभिप्रेरित गर्ने फोटो प्रदर्शनी

काठमाडौँ, २८ वैशाख । नेपालका लागि अष्ट्रेलियाली राजदूत फेलिसीटी भोल्कले बिहीबार पाटनको महारानी चोकमा 'घर फिर्ती' शीर्षकमा आयोजित फोटो प्रदर्शनीको उद्घाटन गर्नुभयो । प्रदर्शनीले अष्ट्रेलियाबाट नेपाल फर्किएर आफ्नो समुदाय र देशको समृद्धिका लागि योगदान पुऱ्याइरहनुभएका नेपालीको कथा दर्शाउँछ ।

अष्ट्रेलियाली कलाकार तथा वृत्तचित्र फोटोग्राफर जो रयान्खनले सृजना गर्नुभएको उक्त प्रदर्शनीलाई अष्ट्रेलियाली दूतावासले आर्थिक सहयोग गरेको हो । प्रदर्शनीमा निजी र अष्ट्रेलिया सरकारको छात्रवृत्तिमा अष्ट्रेलियामा आर्जन गरेको सीप र ज्ञान नेपाल फर्केर सिपालु उद्यमी, सामाजिक कार्यकर्ता, 'सेफ' वा 'डिजाइनर' का रूपमा स्वदेशमा नै सम्भावनाको खोजी गरेका वास्तविक कथा समेटिएका छन् ।

यहाँस्थित अष्ट्रेलियाली राजदूतावासले आज जारी गरेको प्रेस विज्ञप्तिअनुसार राजदूत भोल्कले प्रदर्शनीबाट विदेशमा गएर अध्ययन गर्ने र काम गर्ने सोच बनाएका अरु युवालाई नेपाललाई नै आफ्नो अन्तिम गन्तव्य बनाउन प्रेरित गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली विद्यार्थीको उपस्थितिले अष्ट्रेलिया खुसी हुन्छ तर व्यावसायिक सीपयुक्त नेपालीहरू नेपालको दुरगामी समृद्धि र प्रगतिका लागि यहाँ आएर उपलब्ध सम्भावनाहरूको खोजी गर्न कति आवश्यक छ भन्ने कुराका बारेमा पनि जानकार छ ।"

राजदूत भोल्कले भन्नुभयो, "प्रदर्शनीमा समावेश एघार व्यक्तिहरूको प्रयास, निरन्तको लगाव र सफलताको उत्सव मनाउँछु । उनीहरूको कथाले अरुलाई पनि विश्वभरबाट सीप र अनुभव आर्जन गर्ने र सम्बन्धहरू स्थापना गर्ने र ती सबैलाई नेपालमा ल्याएर प्रयोग गर्ने प्रेरणा मिल्छ भन्ने विश्वास व्यक्त गर्दछु ।"

जो रयान्खन हाल काठमाडौँ विश्वविद्यालयमा स्नातक तहमा क्राफ्ट एण्ड डिजाइन विषयमा अध्ययन गरिरहनुभएको छ । प्रदर्शनीका बारेमा उहाँ भन्नुहुन्छ, "घर फर्किनु प्रदर्शनीले दर्शकहरूलाई नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि उपलब्ध सम्भावनाहरूको बारेमा सोच्न आमन्त्रण गर्दछ । यो प्रदर्शनीको उद्देश्य हाल नेपालबाट भइरहेको युवाहरूको विदेशिने क्रमका बारेमा सोच्न र विदेशमा अध्ययन वा काम गरेर स्वदेश फर्कँदा हुने सकारात्मक प्रभावहरूलाई दर्शाउने, त्यसरी फर्कनेहरूको साहसको उत्सव मनाउने रहेको छ । प्रदर्शनीमा राखिएका कथा र अन्य यस्तै लाखौँ कथाहरू नेपालभर भेटिने कथाले विदेशबाट नेपाल फर्कनु कुनै असफलता होइन र यसले आफ्नो क्षमताको खोजी गर्ने नयाँ अवसर प्रदान गर्दछ ।"

प्रदर्शनी महारानी चोकमा जेठ ३ गतेसम्म र काठमाडौँ नयाँसडकस्थित भूगोलपार्कमा जेठ ४ देखि जेठ १० गते जारी रहने छ । ***रासस***

# हरित प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सुरु

नवलपुर, २८ वैशाख । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) नवलपुरमा हरित प्रविधि र प्रतिभा व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सुरु भएको छ ।

पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्र, टेक्निकल युनिभर्सिटी अफ डेनमार्क, इण्डोनेसियाको युनिभर्सिटी नेगेरी योग्याकार्टासँगको सहकार्य एवं विश्वविद्यालय अनुदान आयोग नेपालको सहयोगमा नवलपुरको अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्टले सम्मेलनको आयोजना गरेको हो ।

आजदेखि सुरु भएको 'ग्रिन टेक्नोलोजी एण्ड टच्यालेन्ट म्यानेजमेन्ट' विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा पोखरा विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. प्रेमनारायण अर्यालले पोखरा विश्वविद्यालयले पाठ्यक्रमलाई परिमार्जित गर्दै अनुसन्धानमा आधारित बनाउँदै लगेको बताउनुभयो ।

अनुसन्धानमा आधारित पाठ्यक्रमले विद्यार्थीमा ज्ञान र सीपको वृद्धि हुने भन्दै अर्यालले अहिलेको आवश्यकता अनुसन्धानमूलक शिक्षा भएको बताउनुभयो । अनुसन्धानमा आधारित शिक्षण पद्धतिको विकास गर्नसकेमा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सकिने अर्यालको भनाइ थियो ।

सम्मेलनका क्रममा पोखरा विश्वविद्यालय व्यवस्थापन विभागका डीन डा. दयाराम ढकालले समाजमा मानवीय संवेदना हराउँदै गएकाले सामाजिक मूल्य, मान्यतामा आधारित अनुसन्धान पद्धति हुनुपर्ने बताउनुभयो । मानव स्वार्थी हुँदै गएका, आफ्नोबाहेक अरुको भलो नसोच्ने प्रवृत्तिको विकास भएको भन्दै ढकालले हरेक अनुसन्धानमा मानवीय संवेदना हुनुपर्ने बताउनुभयो ।

विशेष वक्ताका रूपमा जर्मनीको सेन्टर फर ओपन डिजिटल इन्नोभेसन एण्ड पार्टिसिपेन्सनका निर्देशक प्राध्यापक डा. थोमस कोहलरले विश्व अनुसन्धानमुखी अध्यापन पद्धतिमा गएको बताउनुभयो । अनुसन्धानमूलक पाठ्यक्रमका माध्यमबाट विद्यार्थीमा अनुसन्धान सीप वृद्धि हुने भएकाले प्रतिस्पर्धी जनशक्ति उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्ने कोहलरको भनाइ थियो ।

दुई दिनसम्म गैँडाकोटमा सञ्चालन हुने सम्मेलनमा नेपालसहित जर्मन, नेदरल्याण्ड, इन्डोनेसिया, भारतलगायतका देशका अनुसन्धानकर्ताले हरित प्रविधिको विषयमा रहेर मुख्य प्रस्तुतीकरण गर्ने जनाइएको छ ।

सम्मेलनका क्रममा विभिन्न विश्वविद्यालयमा कार्यरत रिसर्च प्रोफेसरको ४१ वटा अनुसन्धानसम्बन्धी कार्यपत्र प्रस्तुत हुने अक्सफोर्ड कलेजका प्रिन्सिपल प्राध्यापक इन्जिनियर हरि भण्डारीले बताउनुभयो । शैक्षिक गुणस्तर वृद्धि गर्दै अनुसन्धान केन्द्रित शिक्षण पद्धतिको विकास गर्न सम्मेलन आयोजना गरिएको उहाँले बताउनुभयो ।

सम्मेलनको मुख्य उद्देश्यमा शैक्षिक क्रियाकलाप वृद्धि गर्न विश्वका जनतालाई जोड्ने, अनुसन्धानकर्ताबिच सहयोग र सञ्जाललाई बढावा दिने, विभिन्न देशको संस्कृति तथा रीतिरिवाज आदानप्रदान गर्नेलगायतका रहेको भण्डारीले बताउनुभयो ।

विश्वविद्यालयका अनुसन्धानकर्ताले भौतिक र अनलाइनमार्फत आफ्नो कार्यपत्र प्रस्तुत गर्ने जनाइएको छ । सम्मेलनका कारण प्राज्ञिक व्यक्तिलाई अनुसन्धानमा लाग्न प्रेरित गर्ने, अनुसन्धानमा आधारित पाठ्यक्रम निर्माणमा जोड दिनेलगायतका फाइदा पुग्ने उहाँको भनाइ छ । ***रासस***

# स्वयम्भूको बुद्ध जयन्ती मेला काठमाडौँ महानगरले व्यवस्थित गर्ने

काठमाडौँ, २८ वैशाख । बुद्ध जयन्तीको अवसरमा स्वयम्भूमा लाग्ने वैशाख पूर्णिमा मेलालाई यस वर्ष व्यवस्थित बनाइने भएको छ । काठमाडौँ महानगरपालिकाले स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिसँग समन्वय गरी आर्थिक सहयोग तथा भीड व्यवस्थापन गर्ने भएको हो ।

स्वयम्भू तथा त्यस आसपास क्षेत्रमा रहेका गुम्बामा दर्शनका लागि आउने भक्तजनको सुरक्षा, मेलामा भीड व्यवस्थापन, सरसफाइ, रङरोगन, सडकबत्ती व्यवस्थापन गर्न लागेको काठमाडौँ महानगरपालिका-१५ का वडाध्यक्ष ईश्वरमान डङ्गोलले जानकारी दिनुभयो ।

महासमितिका अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थवीरको संयोजकत्वमा २५६८ औँ बुद्धजयन्ती व्यवस्थापन मूल समारोह समिति गठन गरिएको छ । उक्त समितिले मन्दिर आसपासका अस्थायी पसल हटाउने, माग्न र दान गर्न निषेध गरेको छ । भीड व्यवस्थापनका लागि जथाभावी भोजन दान गर्न नपाइने र तोकिएको स्थानबाट मात्र दान गर्नुपर्ने नियम बनाइएको छ ।

थेरवाद, महायान र वज्रयान सम्प्रदायका अनुयायीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट करिब दुई लाख धर्मावलम्बी आउने अपेक्षा गरिएको महासमितिका महासचिव अशोक बुद्धाचार्यले जानकारी दिनुभयो । आगामी जेठ १० गते वैशाख पूर्णिमा तथा बुद्ध जयन्ती परेको छ ।

स्वयम्भूस्थित महानगरीय प्रहरी वृत्त प्रमुख पूर्णिमा चन्दले उक्त मेलामा आउने भक्तजन तथा सर्वसाधारणको सुरक्षालाई दृष्टिगत गर्दै सुरक्षाकर्मी थप गरिएको बताउनुभयो । उहाँले सडकको ट्राफिक जाम व्यवस्थापन गर्न त्यस क्षेत्रमा सवारीसाधन निषेध गरी वैकल्पिक सडकको प्रबन्ध गरिने बताउनुभयो ।

# हास्य कलाकार ध्रुवरत्न हाडाको निधन

भक्तपुर, २८ वैशाख । हास्य कलाकार ध्रुवरत्न हाडाको बिहीबार राति ११:४० बजे निधन भएको छ । विगत केही समयदेखि उहाँ लिभर सिरोसीस रोगबाट ग्रसित हुनुहुन्थ्यो । वि.सं.२००२ साल पुस १ गते भक्तपुरको इच्छु टोलमा जन्मेका हाडा २०२४ सालबाट नेपाल प्रहरी सेवामा जागिरे हुनुहुन्थ्यो । प्रहरी सेवाकै क्रममा उहाँ विभिन्न जिल्लामा एस.पी. हुनुभएको थियो । उहाँ हास्य कलाकार पनि हुनुहुन्थ्यो । भक्तपुर नगरपालिका वडा नं २ इताछेँ निवासी हाडा न:पुखु परिसरमा भएको ३९ औँ नेपालभाषा साहित्य त:मुंज्यामा सम्मानित हुनुभएको थियो । स्व.हाडाका धर्मपत्नी मोहिनी हाडा र ३ छोरीहरू कल्पना, जमुना र मौसमी छन् ।

दिवङ्गत हाडाको शुक्रबार बिहान ८:२५ बजे पशुपति आर्यघाटमा दाहसंस्कार गरियो । नेपालभाषा साहित्य त:मुंज्याका संस्थापक अध्यक्ष कान्छा बासुकला, पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजा, भनपा २ का वडा सदस्य श्यामसुन्दर मातां, नेपाल प्रहरीका एआईजी वसन्त थापा, पूर्वप्रहरी प्रमुखहरू, वरिष्ठ कलाकारहरूबाट श्रद्धाञ्जली अर्पण गरिएको थियो । नेपाल प्रहरीको सलामी धुनका साथ उहाँको अन्त्येष्टि गरिएको थियो ।

# मार्क्स जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम

**रीता दुमरु**

भक्तपुर, २८ वैशाख । नेपाल मजदुर किसान पार्टी इनाचो-चोर्चा एकाइ समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु कार्ल मार्क्सको २०६ औँ जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा नगर समिति भक्तपुरका नारायणबहादुर दुवालले मार्क्सले मजदुरवर्गले पुँजीपतिहरूसँग आफूलाई शोषण गरेर राखेको धन फिर्ता कसरी लिन सकिन्छ भनेर जनतालाई सचेत पार्नुभएको स्पष्ट पार्नुभयो । उहाँले किसान र मजदुरले पनि देशमा शासन गर्नसक्ने बाटो मार्क्सले देखाएको हो भन्नुभयो ।

स्थानीय विष्णुराम दुमरुले कार्लमार्क्स एक धनी व्यक्तिका सन्तान भए पनि समाजमा परिवर्तन ल्याउनको निम्ति जीवनभर लागेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवं समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुले नेमकिपाले पचास वर्ष अघिदेखि किसान र मजदुरहरूको उत्थानको निम्ति कालमार्क्स, लेनिन, एङ्गेल्स, माओ त्सेतुङको सिद्धान्त र विचारअनुसार अनुसरण गर्दै अघि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा विष्णुप्रसाद दुमरु, जसतारा कोजू, हरिरत्न गोर्खाली र चन्द्रप्रसाद दुमरुले पनि बोल्नुभएको थियो ।

***प्रशिक्षार्थी***

# मासु पसलमा अनुगमन



भक्तपुर, २८ वैशाख । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा मासु पसल अनुगमन गरियो ।

अनुगमनमा मुकेशोर शाहीको भगवती मासु सप्लाई २०७६ सालदेखि नवीकरण नगरेको, तराजु नवीकरण नगरेको, पसल फोहर भएको, एप्रोन प्रयोग नगरेकोले टोलीले तीन दिनभित्र पसल नवीकरण गर्न, तराजु नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, मासु झिँगाले नभन्किने गरी सिसाको बाकस बनाएर राख्न वा जालीले छोप्न र नगरपालिका कार्यालयमा उपस्थित हुनु निर्देशन दियो ।

अफराज मियाको मासु पसलमा नगरपालिका कार्यालयमा उपस्थित हुन तीन दिनभित्र पसल नवीकरण गर्न, तराजु नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, मासु धुलो र झिँगाले नभन्किने गरी शिशाको बाकस बनाएर राख्न वा जाली छोप्न अनुरोध गरियो ।

न्यु महेश्वरी हाइजेनिक मिट सप नवीकरण गर्न, पशु वध गर्दा जीवित पशुले नदेख्ने गरी व्यवस्था गर्न, तराजु नवीकरण गर्न, मासु झिँगाले नभन्किने गरी जाली राख्न र राँगोको सफा गरेको भुँडी र फोहर ढल निकासमा नपठाउन निर्देशन दिइयो ।

महेश्वरी वधशालालाई सरसफाइमा ध्यान दिन र राँगोको सफा गरेको भुँडी र फोहर ढल निकास र खोलामा नपठाउन निर्देशन दिइयो ।

अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैयाँ सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय भक्तपुरका हरिहर काफ्ले, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग वाणिज्य सङ्घ भक्तपुरका राजु त्वानाबासु र पशु सेवा कार्यालयका पार्वती योञ्जन, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठलगायतका प्रतिनिधिहरू सहभागी हुनुभएको थियो ।

**सङ्क्षिप्त समाचार**

## शिक्षक महासङ्घको अध्यक्षमा सुवेदी

काठमाडौँ, २८ वैशाख । नेपाल शिक्षक महासङ्घको दोस्रो राष्ट्रिय महाधिवेशनबाट लक्ष्मीकिशोर सुवेदीको नेतृत्वमा ७५ सदस्यीय नयाँ नेतृत्व घोषणा भएको छ । सुवेदी यसअघि महासङ्घको महासचिव हुनुहुन्थ्यो ।

यही वैशाख १० गतेदेखि सुरु भएको दोस्रो राष्ट्रिय महाधिवेशनबारे आपसी सहमति हुन नसकेपछि नयाँ नेतृत्व घोषणामा विलम्ब भएको थियो । महासङ्घको एक मुख्य समूह नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले महाधिवेशनमा भाग नलिएपछि विवाद भएको हो ।

विधानविपरीत एक पक्षीय ढङ्गले जिल्ला समितिहरू घोषणा गरिएकाले महाधिवेशन रोक्न आफूहरूले राखेको प्रस्ताव स्वीकार नगरिएको भन्दै सङ्गठनले भाग लिएको थिएन । सहमति जुट्न नसकेपछि सङ्गठनको कोटामा महासचिवलगायत ११ पद खाली राखेर महासङ्घको नेतृत्व चयन गरिएको र सङ्गठनलाई सहमतिमा ल्याउन वार्ता समिति गठन गरिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो ।

महासङ्घको सदस्यता नवीकरण, विद्यालयमा नवनियुक्त शिक्षक, प्राविधिक समूहका शिक्षक सदस्यताबाट वञ्चित भएका, लोकतान्त्रिक विधिलाई निषेध गरिएको सङ्गठनका महासचिव हंशबहादुर शाहीले बताउनुभयो । ***रासस***

## दरबारमार्गबाट स्रोत नखुलेको ९८ लाखसहित दुईजना पक्राउ

काठमाडौँ, २८ वैशाख । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट परिचालन भएको टोलीले गए राति दरबारमार्गबाट स्रोत नखुलेको रु. ९८ लाखसहित दुईजनालाई पक्राउ गरेको छ ।

उक्त कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले यस सम्बन्धमा शुक्रबार नै पत्रकार सम्मेलन गरेर विस्तृत विवरण सार्वजनिक गरिने जानकारी राससलाई दिनुभयो । ***रासस***

## वन्यजन्तु संरक्षण चुनौतीपूर्ण दस महिनामा २१ गैँडा मरे

चितवन, २८ वैशाख । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा चालु आर्थिक वर्षको १० महिनामा २१ वटा गैँडा मरेका छन् । चोरी सिकारी गर्नेले दुईवटा मारेका तथा अन्य १९ वटा कालगतिले मरेका हुन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार मृत भेटिएका गैँडामध्ये सातवटा भाले, सातवटा पोथी र पहिचान नभएका सातवटा रहेका छन् । गैँडा दलदलमा फसेर, आपसमा जुधेर, बुढो भएर, बाघको आक्रमणबाट, चोरी सिकारी गर्नेबाट, मानवीय गतिविधि र करेन्ट लागेर मर्ने गरेका छन् । सङ्ख्या बढेपछि बासस्थानका कारण गैँडा मर्ने क्रम बढेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "घाँसेमैदान र सिमसार क्षेत्रको व्यवस्थापन गर्नसके गैँडा संरक्षणमा सहयोग पुग्छ ।" यसका लागि निकुञ्जले नयाँ सिमसार क्षेत्रको व्यवस्थापन, पुरानाको मर्मत र घाँसेमैदान व्यवस्थापन गरिरहेको उहाँले बताउनुभयो ।

गत आर्थिक वर्षमा १३ वटा भाले, सातवटा पोथी र एउटा पहिचान हुनसकेको गैँडा मरेको थियो । हाल निकुञ्जमा छ सय ९४ गैँडा छन् । दुर्लभ एकसिङ्गे गैँडाका लागि उपयुक्त बासस्थान मानिएको चितवन राष्ट्रिय निकुञ्जको पश्चिमी क्षेत्रमा गैँडाको सङ्ख्या धेरै भएपछि निकुञ्जले केही गैँडालाई आन्तरिक स्थानान्तरण गरेर पूर्वी क्षेत्रमा लगेको छ । ***रासस***



**बाँसजन्य सामग्री तयार पार्दै विद्यार्थी**

रामपुर आधारभूत विद्यालयका विद्यार्थी बाँसजन्य सामग्री तयार पार्दै । विद्यालयले पढाइका अलावा बाँसजन्य सामग्रीको सदुपयोग गर्दै विद्यार्थीलाई दैनिक प्रयोगमा आउने डोको, डस्बिन, डालोलगायतका सामग्री तयार गर्न सिकाउँदै आएको छ । *तस्बिर : सुशीला रेग्मी/रासस*

# आगलागीबाट पाँच वर्षमा साढे नौ अर्बको क्षति

**- प्रगति ढकाल**

काठमाडौँ, २४ वैशाख । आगलागीका कारण पछिल्लो पाँच वर्षमा साढे नौ अर्ब रूपैयाँ बराबरको क्षति भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ( एनडिआरआएम) का अनुसार आगलागीका कारण बस्तीलगायतका संरचनामा क्षति पुग्दा रु. नौ अर्ब ४७ करोड ४५ लाख ९३ हजार दुई सय २७ बराबरको आर्थिक क्षति भएको छ ।

विसं २०७७ सालदेखि २०८१ को वैशाख दोस्रो सातासम्मको अवधिमा आगलागिका कारण उक्त क्षति भएको प्राधिकरणको भनाइ छ । सो आगलागीबाट चार सय २२ जनाले ज्यान गुमाएका छन् भने एक हजार सात सय छ जना घाइते भएका छन् ।

विसं २०८१ मा पाँच सय ६८ ओटा आगलागीका घटनाबाट करिव रु. ३१ करोड ७६ लाख बराबरको क्षति भएको छ । आगलागीका कारण १६ जानाले ज्यान गुमाइसकेका छन् भने ५२ जाना घाइते भएका छन् । यस वर्ष आगलागीबाट एक हजार ९४ घरपरिवार प्रवावित भएका छन् भने दुई सय २८ घरमा आंशिक र छ सय २८ घरमा पूर्ण क्षति भएको प्राधिकरणको तथ्याङ्क छ । साथै यस अवधिमा दुई सय ८२ गोठमा क्षति पुगेको छ भने चार सय पशु चौपायामा पनि क्षति पुगेको प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका लागि विसं २०८० मा चार हजार ४६ आगलागीका घटनामा करिब रु. दुई अर्ब ५२ करोड बराबरको आर्थिक क्षति भएको छ । यस अवधिमा एक सय ८ जनाले ज्यान गुमाएका थिए भने पाँच सय चार घाइते भएका थिए । सो अवधिमा पाँच हजार एक सय १२ घरपरिवार प्रभावित भएका थिए । साथै पाँच सय ११ घरमा आंशिक र एक हजार ८३ घर पूर्णरूपमा क्षति पुगेको थियो । आठ सय ८६ गोठमा क्षति पुगेको दुई हजार १ सय ४८ पशु चौपैया क्षति भएको पाइएको छ । यस अवधिमा भने पाँच वर्षकै धेरै आगलागीका घटना भएको तथ्याङ्क छ ।

विसं २०७९ तीन हजार २४ वटा आगलागीका घटना भएकोमा रु. दुई अर्ब ५१ करोड बराबरको क्षति भएको थियो । सो अवधिमा भने एक सय नौ जनाको मृत्यु भएको थियो भने तीन सय ९२ जना घाइते भएका थिए । तीन हजार सात सय ३६ घर प्रभावित भएका थिए । साथै पाँच सय ८२ घर आंशिक र नौ सय ७६ घर पूर्णरूपमा क्षति पुगेको थियो । यस अवधिमा सात सय १८ गोठ र दुई हजार ८६ पशुचौपयामा क्षति पुगेको प्राधिकरणको भनाइ छ ।

यसैगरी, २०७८ सालमा भने दुई हजार छ सय ३१ वटा आगलागीका घटना हुँदा दुई अर्ब २६ करोड बराबरको क्षति हुँदा ९२ जनाले ज्यान गुमाएका छन् थिए भने तीन सय ७९ जना घाइते भएका थिए । यस अवधिमा आगलागीका कारण दुई हजार आठ सय ५७ घरपरिवार प्रभावित भएका थिए । साथै सात सय २५ घर आंशिक तथा सात सय ४९ घरमा पूर्णरूपमा क्षति पुगेको थियो । यस अवधिमा छ सय १३ गोठमा क्षति पुगेको र नौ सय ६८ पशु चौपयामा क्षति पुगेको थियो ।

विसं २०७७ सालमा दुई हजार छ सय ३१ वटा आगलागीका घटना भएकोमा रु. एक अर्ब ८५ करोड बराबरको क्षति पुगेको थियो । साथै ९७ जनाको मृत्यु भएको थियो भने तीन सय ७९ जना घाइते भएका थिए । यस अवधिमा तीन हजार चार सय २७ परिवार प्रभावित भएका थिए साथै छ सय ९५ घरमा आंशिक र एक हजार एक सय ३८ घरमा पूर्णरूपमा क्षति पुगेको थियो । प्राधिकरणको तथ्याङ्कअनुसार सात सय ९७ गोठमा क्षति पुगेको थियो भने एक हजार चार सय २८ पशु चौपायामा क्षति पुगेको छ ।

आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास मर्मत वा अस्थायी आवास अनदानको व्यवस्था गरिएको छ । आगलागीजन्य विपद् प्रभावित निजी आवास पुन:निर्माण तथा पुन:स्थापना अनुदान वितरण कार्यविधि, २०७८ मा मर्मत वा अस्थायी आवासका लाभग्राहीले सम्झौताअनुसार काम सुरु गरेको अवस्थामा रु. २५ हजार र कार्य सम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदनको आधारमा रु. २५ हजार गरी जम्मा रु. ५० हजार पाउने उल्लेख छ ।

आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास पुन:निर्माण वा पुन:स्थापनाका लाभग्राहीले निजी आवास पनु:निर्माण वा पुन:स्थापनाका लागि क्षतिको यथार्थ प्राविधिक मूल्याङ्कनका आधारमा हिमाली जिल्लामा बढीमा रु. पाँच लाख, पहाडी जिल्लामा बढीमा रु. चार लाख र तराईका जिल्लामा बढीमा रु. तीन लाख गरी तीन किस्तामा पाउने कार्यविधि छ ।

सम्झौता हुनासाथ पहिलो किस्ताबापत रु. ५० हजार, 'प्लिन्थ लेभल' सम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनसूची–६ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक जाँच प्रतिवेदनको आधारमा दोस्रो किस्ताबापत हिमाली जिल्लामा रु. दुई लाख ५० हजार, पहाडी जिल्लामा रु. दुई लाख र तराईका जिल्लामा रु. एक लाख ५० हजार अनुदान पाउने कार्यविधिमा उल्लेख गरिएको छ ।

तर सरकारी निकाय वा संस्थाबाट अनुदान प्राप्त गर्ने गलत मनसायले जानाजानी वा लापर्बाहीपूर्वक घर आगलागी गरेमा वा वन डढेलो वा आगलागीजन्य अन्य कार्य गरेको पाइएमा कुनै पनि अनदान रकम उपलब्ध नहुने समेत कार्यविधि उल्लेख छ । कार्यविधि अनुसार जानाजानी वा लापर्बाहीपूर्ण कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कडा कारबाही गरिनेछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी प्रमुख अनिल पोखरेलले हरेक वर्ष बढ्दो आगलागी तथा वन डढेलो न्यूनीकरण तथा व्यवस्थापनका लागि संरचनागत सुधार, उपकरण हस्तान्तरण, सूचना प्रणालीको विकास, प्रभावकारी सञ्चार, तहगत प्रशिक्षण सहितका पहल गरिरहेको जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो, "आगलागी नियन्त्रणका लागि हामीसँग भएका अग्नि नियन्त्रणका उपकरणहरू पर्याप्त हुन नसक्दा प्रभावकारीरूपमा नियन्त्रणका गतिविधि सञ्चालन गर्न सकिरहेका छैनौँ । पर्याप्त बजेट अभावका कारण ति उपकरणहरू खरिद हुन सकेको छैन ।"

आगलागी र डढेलोको जोखिम कम गर्न आगलागी नियन्त्रणमा प्रयोग हुने सामग्री जिल्ला तथा स्थानीय तहलाई वितरण, सबै खालका सञ्चारमाध्यममार्फत सचेतनामूलक सामग्रीको प्रकाशन तथा प्रशारण, सरोकारवाला निकायसँग विपद् संवाद, तालिम सञ्चालन तथा स्व–अध्ययन सामग्रीको उपलब्धता, आवास गुमाएका नागरिकको उद्धार तथा तुलनात्मकरूपमा सुरक्षित आवास निर्माण गर्न अनुदान वितरणलगायतका कार्यहरू गरेको पोखरेलले जानकारी दिनुभयो ।

प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईका अनुसार पनि बस्तीका आगलागीमध्ये विद्युत् 'सर्ट' हुनु, वन डढेलो बस्तीमा सर्नु, सतर्कता अपनाउन नसक्नुले गर्दा बस्तीमा आगलागी हुने गर्छ । "फुस तथा घरका छाना, काठका घरहरू छन् भने घाना पकाउने क्रममा पनि आगलागी भएका घटना छन् । चाडपर्वमा बत्ती बालेर छोड्दा पनि आगलागीका घटना बढेको पाइएको छ," उहाँले भन्नुभयो ।

आगलागी नियन्त्रणका लागि दमकल र फयरपम्प पर्याप्त नहुँदा समस्या भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "दमकल एक सय ५८ वटा चालु अवस्थामा छन् भने २२ वटा बिग्रिएको अवस्थामा छन् र एक सय १४ ओटा फायरपम्प स्थानीय तहमा वितरण भएका छन् । यी उपकरणहरू पर्याप्त छैनन् ।"

आगलागी नियन्त्रणका दक्ष जनशक्ति नहुँदा पनि समस्या भइरहेको भन्दै भट्टराईले स्थानीय तहलाई पनि आगलागी नियन्त्रणसम्बन्धी तालिम आवश्यकता रहेकामा जोड दिनुभएको छ । प्राधिरकणका अनुसार यस वर्ष पनि वर्षा कम भएको र आगलागी तथा वन डढेलाका घटनाहरूको जोखिम अधिक भएकोले पनि यसतर्फ प्राधिकरणले विशेष ध्यान दिएको छ ।

इसिमोड र वन तथा भू–संरक्षण विभागको साझेदारीमा डढेलो पहिचान तथा अनुगमन प्रणालीको प्रयोग गरी प्रत्येक दिन देशभर लागेको डढेलोको अनुगमन गर्ने व्यवस्था गरिएको छ । आगलागी र वन डढेलोको जोखिमको अवस्थाको जानकारी प्राप्त गरी सोहीअनुसार न्यूनीकरण तथा नियन्त्रणका कार्य सञ्चालन गर्न आगलागी तथा वन डढेलोसम्बन्धी 'लाइभ' जानकारी समेत दिँदै आइइएको छ । ***रासस***

# विश्वका लोकबाजा सङ्ग्रह गर्न सङ्ग्रहालय भवन निर्माण

गलकोट (बागलुङ), २८ वैशाख । बागलुङको तङ्ग्राममा विश्वका लोकबाजा सङ्ग्रह गर्नका लागि सङ्ग्रहालय भवन निर्माण गरिएको छ । विश्वका लोक बाजा सङ्ग्रह गरेर संरक्षण, लोकबाजाको अनुसन्धानसँगै अवलोकन गर्ने पर्यटक भित्र्याउने उद्देश्यका साथ तीन वर्षअघि निर्माण थालिएको सङ्ग्रहालय भवनले अहिले आएर पूर्णता पाएको छ ।

काठेखोला गाउँपालिका–३ तङ्ग्रामस्थित धारागाउँमा गाउँमैत्री अक्षयकोषद्वारा गण्डकी प्रदेश सरकारको लगानीमा निर्माण गरिएको साङ्कृतिक लोक बाजा सङ्ग्रहालय भवन निर्माण सम्पन्न भएर उद्घाटनको तयारीमा पुगेको छ । विसं २०७८ फागुन १७ गते शिलान्यास गरिएको सङ्ग्रहालय भवनको साढे तीन तला पक्की भवन सारङ्गीको आकृतिमा निर्माण निर्माण गरिएको छ ।

भवन निर्माण गर्नका लागि प्रदेश सरकारले तीन आर्थिक वर्षमा रु. एक करोड १० लाख बजेट विनियोजन गरिएको थियो भने रु. १५ लाखको श्रमदानमार्फत उक्त भवन निर्माण गरिएको गाउँमैत्री अक्षयकोषका अध्यक्ष चयन्द्रबहादुर थापाले बताउनुभयो ।

उक्त भवनमा अहिले देशकै ठुलो दाबी गरिएको दुई सय ८० किलोको नगरा राखिएको छ । उक्त सङ्ग्रहालयमा बुद्ध पूर्णिमा जेठ १० गतेको दिन बुद्धको मूर्तिसमेत प्रतिष्ठा गरिने थापाले बताउनुभयो । उहाँले दशेकै ठुलो नगरा विधिवत्‌रूपमा बजाएर सङ्ग्रहालयको उद्घाटन गरिने योजना रहेको बताउनुभयो ।

थापाले भन्नुभयो, "लोक बाध्य सङ्ग्रहालयमा देशकै ठुलो नगरा राखिएको छ, नगरासहित नेपाली लोकबाजा र विश्वका सबै बाजा सङ्ग्रह गरेर लोक बाध्य सङ्ग्रहालयको रूपमा विकास गरिने छ । अहिले केही विदेशका बाजासमेत आउने क्रममा छन्, २०८६ सालसम्म विश्वका बाजा अवलोकन गर्न विदेशी पर्यटक आउने र पञ्चकोट र ढोरपाटनलाई जोडेर पर्यटकीय केन्द्र बनाउने हाम्रो बृहत्तर योजना रहेको छ ।" नगरा बजाउनका लागि स्थानीय नगर्चीद्वय जगरबहादुर परियार र सरबहादुर परियारलाई नियुक्तिसमेत गरिएको छ । लोपोन्मुख विश्वका मुख्य लोकबाजा सङ्ग्रह गर्ने उद्देश्यले स्थापना गरिएको गाउँमैत्री अक्षयकोष (जिमाक) संस्थाको अगुवाइमा सुविधा सम्पन्न साढे तीन तलाको भवन निर्माण गरिएको छ । स्थानीयले नि:शुल्क प्रदान गरेको तीन रोपनी जग्गामा सुविधा सम्पन्न भवनसँगै शौचालय बनाइएको छ भने तारबार गर्नेलगायतको काम बाँकी रहेको छ । सारङ्गीको नमूनामा निर्माण सम्पन्न भएको भवन र देशकै ठुलो नगरा अवलोकनका लागि आन्तरिक पर्यटकसमेत आउन थालिसकेको लोक बाजा सांस्कृतिक सङ्ग्रहालयका परिकल्पनाकार हेमराज आश्रमले जानकारी दिनुभयो ।

आश्रमले भन्नुभयो, "मुख्य भवन निर्माण गरेर उद्घाटन गर्न थाले पनि सांस्कृतिक सङ्ग्रहालयले पूर्णता पाउन अझै पाँच वर्ष लाग्नेछ, यो करोडौँको परियोजना हो, विदेशी बाजा झिकाउने कार्य भइरहेको छ, अहिले फ्रान्स, एसिया र युरोपका केही बाजा आइसकेका छन् । विश्वकै चर्चित पर्यटकीयस्थल ढोरपाटन र धार्मिक पर्यटकीय गन्तव्य पञ्चकोटलाई जोडेर सङ्ग्रहालयलाई पर्यटकीय हब बनाइने छ, यसलाई नयाँ टुरिजम सर्किटको रूपमा विकास गरिनेछ ।"

। सम्पादकीय ।

# अबको बजेट के समाजवादउन्मुख होला ?

बजेट अधिवेशन सुरु भयो । बजेट अधिवेशन अघि बढ्ला या नबढ्ला ? त्यो आफ्नो ठाउँमा छ । सार्वजनिक भएअनुसार सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम आगामी जेठ १ गते प्रस्तुत हुनेछ । नीति तथा कार्यक्रम गणतन्त्र स्थापना भएसँगै राष्ट्रपतिबाट सङ्घीय संसद्को अधिवेशनमा प्रस्तुत हुनेछ । सरकारी नीति तथा कार्यक्रम र बजेट समाजवादउन्मुख राज्यको अवधारणाबमोजिम आउँछ या आउँदैन ? नीति तथा कार्यक्रम र बजेट संसद्मा छलफलपछि बहुमतको आधारमा पारित होला । सरकारी नीति तथा कार्यक्रम र बजेट समाजवादउन्मुख अवधारणाअनुसार आउनुपर्छ भन्ने जनताको विश्वास हो; राजनीतिक विश्लेषकहरूको विचार हो ।

सरकारी नीति तथा कार्यक्रमको आधारमा विभिन्न योजनाहरू तयार हुन्छ र योजनाको आधारमा बजेट छुट्याइएको हुन्छ । सरकारले तय गरेको योजना सबै पूरा हुँदैन । मुलुकमा लक्ष्यअनुरूपको पुँजीगत खर्च हुँदैन । पुँजीगत खर्च गर्ने काममा सरकारको ध्यान पुग्दैन । पुँजीगत खर्च कम हुनु भनेको सरकारको आर्थिक क्रियाशीलता र गतिशीलता कम हुनु हो या बेवास्ता हुनु हो । देशको आवश्यकता र मागअनुसार उद्योग तथा कलकारखाना खोल्नुपर्नेमा भएका उद्योगहरू पनि राम्ररी चल्न सकेका छैनन् । देशमा बन्द भएका, डुबेका र निजीकरण गरिएका उद्योगहरू सञ्चालनमा आएका छैनन्; बन्द भएको उद्योग सञ्चालन गर्ने निर्णय पनि व्यवहारमा आएको छैन । उद्योगहरू सञ्चालन नहुँदा देशमा आयात बढ्दै छ; देशको आयस्रोत बिदेसिँदै छ; रोजगारीको समस्या बढेर युवाहरू बिदेसिँदै छन् । के यो देशको अर्थतन्त्र खस्केको होइन ?

ढिलो चाँडो बजेट प्रस्तुत हुन्छ । बनाइने बजेट विदेशी ऋण र विदेशी सहयोगको भरमा तय गरिएको हुन्छ । विदेशी ऋण र विदेशी सहयोगमा बनाइने बजेटले देशको अर्थतन्त्र कसरी मजबुत हुन्छ, देशको आयस्रोत कसरी बढ्छ ? निर्माण व्यवसाय रोक्नु, योजना समयमै सम्पन्न नहुनु, सम्पन्न योजनाको समयमा भुक्तानी नहुनु, योजनामा चुहावट, अनियमितता र भ्रष्टाचार हुनु सरकारका कमजोरी पक्ष हुन् । सन्तुलित विकास नगरी सत्तासीन नेता, मन्त्री र सांसदउन्मुख बजेट छुट्याउनु, खर्च हुने क्षेत्रमा बजेट कम र नहुने क्षेत्रमा बढी बजेट छुट्याउनु सरकारको अर्को बेथिति हो । सत्तासीन दलका जिम्मेवार नेताहरूले जहाँतहीँ योजना लाने र त्यही योजनाको बजेटलाई नेता तथा कार्यकर्ताको आम्दानीको स्रोत बनाउने काम सरकारी पक्षबाट भइरहेको छ । नेताहरूमा दूरदृष्टि छैन । शासकहरू कमिसनमा भुल्छन्; पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउँछन्; राजधानीमा घर बनाउन सकिएन भने इज्जत गएको ठान्छन् र अन्य विभिन्न अनियमित काम गरेर सम्पत्ति जोड्छन् । यो अर्को सरकार या सत्तासीन दलको समस्या हो । वैशाख २८ गतेको अन्नपूर्ण पोस्टको 'कभर स्टोरी' मा 'विकासमा व्यवधान २६ मुद्दा झेल्दै हुलाकी राजमार्ग' शीर्षकको समाचार प्रकाशित भयो । हुलाकी राजमार्ग अनेक व्यवधानले अघि बढाउन नसकेको सो समाचारमा उल्लेख छ ।

विश्वका अरु देशहरूले विकास गरिरहेका छन् । तर, नेपालमा विकास पछि पर्दै छ; भइरहेको विकास पनि चिप्लेकीराको गतिमा छ । सानो देश प्रजग कोरिया शिक्षाको देश बनेको छ; सफासुग्घरको देश बनेको छ । संसारकै शक्तिशाली देश मानिएको संयुक्त राज्य अमेरिकालाई खबरदारी गर्न सक्ने देश बनेको छ । क्युवा बहादुरहरूको देश बनेको छ । संसारकै बढी चिकित्सकहरू भएको देशमध्ये पर्छ । तर, नेपाल गरिबको गरिब । नेपाल बढी भ्रष्टाचार हुने परनिर्भर बनेको छ । शासकहरूलाई देशको चिन्ता छैन । सत्तामा जान पाएपछि, मन्त्री बनेर राज्यको सुविधामा रम्न पाएपछि शासकहरू मुग्ध हुन्छन् । पद, पैसा र भागबन्डामा पल्केर, भुलेर देश हाँक्ने शासकहरू रहेसम्म देशको मुहार फेर्ने छैन; जनताको जीवनस्तर उठ्ने छैन ।

# कला, संस्कृति तथा सम्पदा संरक्षणबारे दुई चार कुरा

✍ सुरेन्द्रराज गोसाई

विद्वत् महानुभावहरूका महत्त्वपूर्ण विचार सुन्ने अवसर पाएँ । त्यसको निम्ति हार्दिक आभार प्रकट गर्दछु ।

आजको यस कार्यक्रममा बसिरहँदा आजभन्दा केही वर्षअगाडि पेइचिङस्थित चाइना एकेडेमी अफ सोसियल साइन्सेजमा भएको एउटा अन्तर्राष्ट्रिय सम्मेलनको याद आयो । कार्ल मार्क्सको २ सत्वार्षिकीलाई लिएर अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । यसरी नै वरिष्ठ प्राध्यापकहरू र समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्त्वहरूको ठुलो सङ्ख्यामा उत्साहजनक जमघट थियो । आज हामी एउटा फरक विषयमाथि छलफल गर्दै छौँ । कार्ल मार्क्सको जन्मदिवस मनाउने सिलसिला भने जारी नै छ । ५ मई उहाँको जन्मदिवस हो । यो वर्ष २०६ औँ जन्मदिवस मनाइँदै छ । एकजना महान् दार्शनिकको रूपमा, एकजना महान् अर्थशास्त्रीको रूपमा, एकजना महान् साम्यवादी तथा समाजवादी चिन्तकको रूपमा कार्ल मार्क्सलाई विश्वभरि स्मरण गरिँदै छ । मार्क्सको विचारले यो युगको सेवा गर्दै छ र संसारलाई उज्यालो बनाउँदै छ ।




आजको यस भेटघाटले त्यस्ता खालका बौद्धिक गतिविधिहरू तथा विद्वत् छलफलहरू यहाँ पनि हुँदै छ भन्ने सन्देश दिनेछ । यस प्रकृतिका गतिविधिहरूले निरन्तरता पाएको खण्डमा हाम्रो समाजले पनि एउटा नयाँपन अनुभव गर्न पाउनेछ । आज हामी एउटा फरक विषयमा चर्चा गर्दै छौँ । यसरी नै समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा हामीले छलफल, चिन्तन गर्दै जान सकेको खण्डमा हाम्रो समाजको भविष्य उज्यालो हुनेछ । हाम्रो समाजले परिवर्तनको अनुभूति गर्न पाउनेछ । केही कक्षाकोठामा मात्र हाम्रा विद्वत् समुदाय सीमित नभइकन समाजसँग जोडेर, समाजसँग साइनो गाँसेर तथा धरातलसम्म पुगी अन्तरक्रिया, छलफल गर्न पाएको खण्डमा समाजले पनि एउटा बेग्लै ज्ञान, गुण र उत्साहको अनुभव गर्न पाउनेछ ।

आजको यो भेटघाटमा भक्तपुरकै विषयमा पनि हामीले थप जान्ने बुझ्ने अवसर पायौँ । यो अत्यन्त सकारात्मक विषय हो । इतिहास र पुरातत्त्वको विषयमा, सम्पदा र संस्कृति संरक्षणको विषयमा यहाँ छलफल हुँदै छ । यसमा अर्को पाटो पनि छ । चिन्ताको विषय पनि छ । हाम्रो इतिहास जोगाउनलाई, हाम्रो संस्कृति जोगाउनलाई, हाम्रो भाषा जोगाउनलाई, हाम्रो सम्पदा जोगाउन हामी आफैँले केही गर्ने कि, आफ्नै खुट्टामा टेकेर गर्ने कि, विदेशीको मुख ताक्ने ? हाम्रो एउटा रोग छ । हाम्रो इतिहास विदेशीले जोगाइदिनुपर्ने र हाम्रा सम्पदा हामीसँग केही नहुँदा उठाइएका यी धरोहरहरू, सम्पदाहरू आज हामी आफैँले उठाउन नसक्ने र आफ्नै बलमा, आफ्नै तागतमा, आफ्नै सीपमा विश्वास नगर्ने र विदेशीलाई भने विश्वास गर्ने र विदेशीले लगानी गरिदिनुपर्ने र त्यो मानसिकताबाट हामी मुक्त हुनैपर्छ ।

भक्तपुरमा एउटा फरक अभ्यास भइरहेको छ । भक्तपुर घुम्न आउनेहरूले एउटा फरक अनुभूति पाइरहेका छन् । यहाँका सम्पदाहरू यहीँको माटोबाट बनाइएका छन् । यहाँको सीपबाट बनाइएका छन् । यहाँकै पैसा, जनताको श्रम, जनताकै दान–दक्षिणाबाट बन्दै छन् भन्ने फरक अनूभुति संसारका संवेदनशीलहरूले गर्दै छन् । यो खुसीको विषय हो ।

केही समय अगाडि एक भारतीय विद्वान् भक्तपुर आउनुभएको थियो । उहाँले त्यही प्रसङ्ग उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "अन्यत्र पनि केही काम भइरहेको हामीले पायौँ । तर, यहाँ फरक शैलीमा भइरहेको पायौँ । जनता र जनप्रतिनिधिहरूमा आशा, उत्साह र सङ्कल्प नै बेग्लै पायौँ । भावना बेग्लै पायौँ । त्यो फरक भावना जुन छ, त्यो आफैँमा पनि नयाँ संस्कृति निर्माणको जग हो । त्यो हामीले यहाँ अनुभव गर्न पायौँ । त्यो हामीले देख्न पायौँ ।"

यहाँको फरक संस्कृति या अभ्यास अनुकरण गर्न सक्छौँ कि सक्दैनौँ ? विद्वत् महानुभावहरूसमक्ष मेरो यो एउटा निवेदन छ । यस विषयमा पनि सोचौँ ! त्यो कोणबाट पनि हामीले विश्लेषण गरौँ ! जसले गर्दै छन् तिनीहरूको विषयमा बोलौँ ! तिनीहरूको विषयमा लेखौँ ! हामी हिजोसम्म परिपूर्ण थियौँ, आत्मनिर्भर थियौँ । त्यो पुस्ता र सिलसिलाबाट अगाडि बढेको हामीसँग गौरवशाली इतिहास छ । तर, आज हामी मागी खाने, अर्काको मुख ताक्ने कुसंस्कृतितर्फ हामी उन्मुख छौँ । हाम्रो सरकार उन्मुख छ । सरकारको त्यो कुसंस्कृतिलाई चिर्ने कि नचिर्ने ? हामीले त्यो अभ्यास हाम्रो विश्वविद्यालयमा गर्ने कि नगर्ने ? एउटा थेसिस तयार गर्न गराउन विदेशीको सहयोग हामी स्वीकाछौँ या आशा गर्छौँ भने हाम्रो परिचय कसरी दिइरहेका हुन्छौँ ? त्यो पनि अत्यन्त महत्त्वपूर्ण सवाल हो ।

हामीले हाम्रो कला, संस्कृति, सम्पदा र इतिहासलाई जीवनसँग जोडिरहेका छौँ कि छैनौँ ? त्यो पनि अर्को एउटा महत्त्वपूर्ण विषय छ । हामीले समाजसँग जोडिरहेका छौँ कि छैनौँ ? समाजलाई अगाडि बढाउने प्रगतिशील सोचले काम गरिरहेका छौँ कि छैनौँ ? भौतिकवादी या व्यावहारिक–वैज्ञानिक ढङ्गमा विश्लेषणको आवश्यकता छ । इतिहासलाई कोरा इतिहासमा मात्र वा कला–संस्कृतिलाई धर्मकर्म वा पुराना प्रसङ्ग, वस्तुहरू वा चिजबिजसँग मात्र जोडेर विश्लेषण गर्‍यौँ भने नयाँ पुस्ताले स्वीकार्लान् कि नस्वीकार्लान् ? आधुनिकताले त्यो पचाउला कि नपचाउला ?

जीवनलाई अझ बढी सजाउने, अर्थपूर्ण बनाउने, समाजलाई अझ बढी सुन्दरीकृत बनाउनेतिर लाने, साथसाथै पुरानो चीजलाई पनि नबिर्सने आजको आवश्यकता यही हो । त्यसमा त चिनियाँ संस्कृति नै छ पुरानो युगले नयाँ युगको सेवा गर्ने । हामीले यसलाई व्यवहारमा उतार्न सक्छौँ कि सक्दैनौँ ? त्यो ढङ्गमा हामीले सोच्यौँ भने अझ बढी नयाँ पुस्ताको पनि भावना जित्न सक्थ्यौँ भन्ने लाग्दछ । त्यसमा केही प्रयासहरू भइरहेका छन् । भक्तपुरमा भइरहेका प्रयासबारे हिजोआज व्यापक छलफल चल्दै छ ।

तीन चार वर्षअगाडि हामी चीन भ्रमणमा गएका थियौँ । चीनको सम्पदा र संस्कृति संरक्षणमा अत्यन्त उत्साहका साथ जोड गतिमा फरक अभ्यास भइरहेको शान्तोङ भन्ने एउटा प्रान्त छ । कन्फ्युसियसको जन्मस्थल हो । त्यहाँ कन्फ्युसियसको विशाल चिहानस्थल छ । चु फू भन्ने ठाउँमा हामीले भ्रमण गर्‍यौँ । सम्पदाको अत्यन्त व्यवस्थित तथा राम्ररी संरक्षण भएको पायौँ । त्यहाँ हेर्दा हामीले गरिराखेको संरक्षण अझ कता कता नपुग जस्तो, गति अझै धिमा जस्तो, कता-कता असन्तुष्टिजस्तो त्यो अनुभव हामीले गर्नेछौँ । त्यहीँ ठाउँमा चारवटा विश्वसम्पदा क्षेत्रहरू छन् । विश्वसम्पदा सूचीमा सूचिकृत ती ठाउँहरूको विषयमा थप बुझ्न सके श्रेयष्कर होला ! ती ठाउँहरूमा पर्यटकहरूको अत्यधिक आवागमन छ । साथै अहिले नयाँ पुस्तालाई इतिहासको बोध गराउने वा शिक्षित बनाउने परम्पराको विकास हुँदै छ । पुरानो युगले नयाँ युगलाई अगाडि घच्घचाउने प्रयास हुँदै छ । त्यसबाट पनि हामीले शिक्षा लिन सक्छौँ । हाम्रो निम्ति त्यो प्रेरणा तथा अध्ययनको विषय हुनसक्छ ।

चीनमा विशाल पर्खाल अर्थात् ग्रेटवालको संरक्षण उत्कृष्ट ढङ्गमा भइरहेको छ । ग्रेटवाल हेर्नको निम्ति कमसेकम दैनिक ८० हजारभन्दा बढी पर्यटकहरू त्यहाँ झुम्मिन्छन् । त्यो त अझ सङ्ख्या नियन्त्रण गरेर मात्र हो । चिनियाँ विशाल पर्खाल विदेशीहरूको प्रमुख आकर्षण हो ।

हामीलाई थियानमेन स्क्वाय्रको फरविडन प्यालेस वा फरविडन सिटीबारे थोरै थाहा छ । त्यहाँ पनि पर्यटकहरूको आवागमन अनियन्त्रित भयो भनेर र संरक्षणमा गाह्रो भयो भनेर होला लाखौँको सङ्ख्यामा आउने पर्यटकहरूको घुइँचोलाई व्यवस्थित गर्न दिनमा ८० हजारलाई मात्र भ्रमण गर्न दिने बन्दोबस्त गरिएको छ । त्यहाँको हरेक ठाउँ, हरेक कुना–कन्दरा, हरेक बुट्टा-बुट्टाको संरक्षण गरिएको छ । त्यो पनि एउटा प्रेरणाको विषय हुन सक्दछ । हाम्रो निम्ति पनि शिक्षाको विषय हुन सक्दछ । त्यसलाई पर्यटनसँग जोडेर, साथै अर्थसँग जोडेर, अगाडि बढ्ने प्रयाससँग जोडेर इतिहास, संस्कृति, सम्पदालाई समाज नयाँ ढङ्गले अगाडि बढाउने एउटा मोटरजडित मेसिनझैँ हामीले बनाउन सकेको खण्डमा अझ राम्रो हुनेछ । हामी प्रयासरत छौँ ।

अघि एकजना प्राध्यापकले भन्नुभएझैँ फर्की नजाउँ भन्ने जस्तो ठाउँलाई फेरि आउँ मात्र होइन, यहीँ बसौँ कि क्या हो र केही दिन केही महिना अथवा वर्षदिन यहीँ बसेर भाषा सिकौँ कि क्या हो र केही दिन बसेर अनुसन्धान गरौँ कि क्या हो र वर्ष दिन, महिना दिन यहाँ बिताएर मानव जीवनको एउटा सार्थकता प्राप्त गरौँ कि क्या हो र भन्ने बनाउन सक्छौँ । त्यसको निम्ति विद्वत समुदायको सहयोग पनि उत्ति नै आवश्यक हुनेछ । यहाँको स्थानीय सरकार, यहाँको नगरपालिकाले अनवरत सङ्घर्ष गर्दै छ । रोम सहर एकै दिन बनेको थिएन भनेजस्तै भक्तपुर आज एकै दिनमा बनेको होइन भन्ने कुरा त पचास साठी वर्षको प्रयास वा 'एक्लो बृहस्पति' को सङ्घर्षले गर्दा भएको हो ।


विदेशीको त परको कुरा नै भयो । स्वयम् सिंहदरबारसम्म पनि फर्कन नपरोस् । बरु जनता, मजदुर, किसानतिर हामी फर्कन्छौँ । सानोभन्दा सानो कालिगढतिर फर्कन्छौँ । सानोभन्दा सानो व्यवसायीतिर हामी हात फैलाउँछौँ । तर, त्यो सिंहदरबारतिर हात फैलाउन नपरोस्, सिंहदरबारको बदनामी, अनियमितताको अंश हामीले पनि व्यहोर्न नपरोस् ! त्यो आत्मस्वाभिमान, आत्मगौरव, आत्मनिर्भरतालाई संस्कृतिकै रूपमा हामी निर्माण गर्दै छौँ र हुर्काउँदै छौँ । भक्तपुरले निर्माण गर्दै छ । आज भक्तपुर एक्लो छैन । सकारात्मक सोच भएका, देशको निम्ति केही गरौँ, समाज अगाडि बढाऔँ भन्ने चिन्तन र सङ्कल्प भएकाहरूको साझा प्रयासबाट हामी अगाडि बढ्दै छौँ । भक्तपुरलाई मात्र होइन नेपाललाई चिनाउन खोज्दै छौँ ।

यी सारा मानवनिर्मित धरोहरहरू मानव सभ्यताकै सम्पत्ति हुन्; सिङ्गो देश र विश्वकै सम्पत्ति हुन् । केवल भक्तपुरको सम्पत्ति जोगाउन भक्तपुर नगरपालिका लागिरहेको छैन । देशको सम्पदा, देशको सम्पत्ति, विश्व मानव सभ्यताको सम्पत्तिलाई जोगाउने र पुस्तौँपुस्ता सदियौँसम्म हस्तान्तरण गर्दै जाने अठोटका साथ लाग्दै छ । त्यो अभियान, त्यो सिलसिलामा हामी सबैले हातेमालो गरौँ ! त्यति गर्न सकेको खण्डमा युगले नै हामी सबैलाई स्याबासी दिनेछ ।

*(गत वैशाख २५ गते त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागसँगको सहकार्यमा भक्तपुर नगरपालिकाद्वारा आयोजित संस्कृति, सम्पदा र पर्यटनबारे अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेश सदस्य सुरेन्द्रराज गोसाईले राख्नुभएको विचारको सारसङ्क्षेप)*

# अधुरो उपन्यास 'डिसेम्बरवादीहरू'

लेभ तोल्स्तोय १९ औँ शताब्दीका महान् यथार्थवादी लेखक थिए । 'युद्ध र शान्ति' उनलाई विश्व साहित्यमा चिनाउने उत्कृष्ट उपन्यास थियो । 'युद्ध र शान्ति' लेख्न सुरु गर्दा सन् १८६३ मा उनी ३५ वर्षका थिए । धेरैपटकको संशोधन र पुनर्लेखनपछि मात्र सन् १८६९ अर्थात् ७ वर्षपछि उक्त उपन्यास पुस्तकको रूपमा प्रकाशित भएको थियो । पुस्तकाकारमा प्रकाशित हुनुअघि 'युद्ध र शान्ति' उपन्यासको प्रारम्भिक खेस्रा सन् १८६५-६७ मा 'वर्ष १८०५' शीर्षकमा पत्रिकाले धारावाहिक छापेको थियो । त्यो धारावाहिक औधी लोकप्रिय भएको थियो ।



डिसेम्बर विद्रोह नै रूसी उपन्यास 'युद्ध र शान्ति' लेखनको सुरुआती आधार वा प्रेरणा थियो । वास्तवमा, तोल्स्तोय डिसेम्बर विद्रोहबारे एउटा लघु उपन्यास लेख्न चाहन्थे । तोल्स्तोयको पुस्ता डिसेम्बर विद्रोहपछि जन्मेको पहिलो पुस्ता थियो । लेभ निकोलायभिच तोल्स्तोयको जन्म रूसको तोल्स्तोय खानदानमा सन् १८२८ मा भएको थियो । उनी जन्मिँदा डिसेम्बर विद्रोहीहरूलाई साइबेरिया पठाइएको २ वर्ष बितिसकेको थियो । विद्रोह र विद्रोहीहरूबारे सार्वजनिकरूपमा कुरा गर्न वा पत्रिकामा छाप्न बन्देज लगाइएको थियो । घरानियाँ जमघटहरूमा खासखुस हुने छलफल नै डिसेम्बर विद्रोहसम्बन्धी सूचनाको आधार थियो । पुश्किन, रिलेयेभ, ओदोयेभ्स्की र लेर्मोन्तोभका प्रतिबन्धित कविताहरूमा विद्रोहीहरूको भावना र व्यक्तित्वबारे चर्चा गरिएको हुन्थ्यो । धेरै रूसी युवाले महसुस गरेझैँ तोल्स्तोयको निम्ति पनि डिसेम्बरवादीहरू रहस्यमयी पात्र थिए । तोल्स्तोयले २४-२५ वर्षको उमेरमा नै उपन्यास लेख्न सुरु गरेका थिए । सन् १८५४ मा लेखिएको 'बाल्यकाल' उनको पहिलो संस्मरणात्मक उपन्यास थियो । त्यसपछिका दुई वर्षमा उनले 'किशोरकाल' र 'युवाकाल' नामक थप दुई संस्मरणात्मक उपन्यास लेखे । सन् १८५४-५५ मा उनी रूसविरुद्ध बेलायत र फ्रान्सले छेडेको क्रिमिया युद्धमा सहभागी भए । युद्धको विभीषिकाले उनलाई हतास बनायो । यही समयमा हर्जेनको सक्रियतामा रूसी भाषाको 'ध्रुवतारा' बुलेटिन प्रकाशित हुन थाल्यो । डिसेम्बर विद्रोह र विद्रोहीहरूका जीवनकथा त्यसमा छापिन थाले । यी कथालाई लुकाईलुकाई रूस पठाइन्थ्यो ।

सन् १८५७ र सन् १८६०-६१ गरी तोल्स्तोय दुईचोटि युरोप भ्रमणमा निस्के । भ्रमणको क्रममा फ्रान्सका अराजकतावादी विचारक जोसेफ प्रुधौँ, लेखक भिक्टर ह्युगो र रूसी क्रान्तिकारी अलेक्सान्दर हर्जेनसँग उनको भेट भयो । युरोपको भ्रमणले उनको राजनीतिक विचार निर्माणमा ठुलो भूमिका खेल्यो । युद्धको अनुभव र अराजकतावादी विचारकहरूसँगको सम्बन्धले उनी सन् १८६१ सम्ममा अहिंसावादी र आध्यात्मिक अराजकतावादी बनिसकेका थिए । सन् १८५७ मा फ्रान्सबाट आफ्ना एक साथीलाई पठाएको पत्रमा उनले लेखे, "सत्य के हो भने राज्य शोषण गर्न मात्र होइन, नागरिकलाई भ्रष्ट बनाउन ल्याइएको छलछाम हो । अतः आजबाट म कुनै पनि राज्यको कुनै पनि सेवामा सहभागी हुनेछैन ।"

नयाँ जार अलेक्सान्दर दोस्रोको राज्याभिषेक हुँदा डिसेम्बर विद्रोहीहरूलाई आममाफी दिने घोषणा भयो । ३० वर्ष साइबेरियाको निर्वासन भोगेका क्रान्तिकारीहरू एकएक गर्दै मस्को, पिटर्सबर्गलगायत युरोपेली रूसका विभिन्न सहरमा फर्किन थाले । प्रतिबन्धित साहित्यहरूमा पढेका र खासखुस सुनेका रहस्यमयी पात्रहरूलाई प्रत्यक्ष भेट्न र उनीहरूसँग कुराकानी गर्न पाउँदा तोल्स्तोयको पुस्ता रोमाञ्चित बन्यो ।

डिसेम्बर विद्रोहमा सामेल एकमात्र जर्नेल स्तरका उच्च सैनिक अधिकारी सेर्गेइ भोल्कोन्स्की तोल्स्तोयका मावलीपट्टिका टाढाका नातेदार थिए । उनकी पत्नी मारिया भोल्कोन्स्काया सारा मानपदवी र सम्पत्ति त्यागेर पतिलाई साथ स्वनिर्वासनमा साइबेरिया गएकी थिइन् । पुश्किनदेखि नेक्रासोभसम्म धेरै रूसी कविहरूले उनको यो त्यागबारे आफ्ना रचनामा वर्णन गरेका छन् । आममाफीपछि युरोपेली रूस फर्किने धेरै क्रान्तिकारीहरूमध्ये भोल्कोन्स्की परिवार पनि एक थियो । रूसी युवाहरूको निम्ति त्यो परिवार आकर्षणको केन्द्र थियो । खानदानी वर्गका युवाहरू आफ्नै वर्गको हितविपरीत कसरी विद्रोहमा लाग्न सक्छन् भन्ने प्रश्नले तोल्स्तोयजस्ता धेरै रूसी युवालाई आश्चर्यमा डुबाउँथ्यो ।

**'डिसेम्बरवादीहरू' उपन्यास**

यही परिवेशमा तोल्स्तोयले निर्वासनबाट फर्केका डिसेम्बरवादीहरूबारे एउटा उपन्यास लेख्ने योजना बनाए । फर्केका धेरै क्रान्तिकारीहरू तोल्स्तोय परिवारको निम्ति पराइ थिएनन् । भोल्कोन्स्की, त्रुबेत्स्कोइ, मुराभ्योभ, ओब्लेन्स्की, पुशिन, याकुश्किनलगायत धेरै क्रान्तिकारीलाई उनले प्रत्यक्ष भेटे । डिसेम्बरवादीहरूका उपलब्ध संस्मरण र लेखहरूको उनले मसिनो अध्ययन गरे ।

सन् १८६१ मा तोल्स्तोयले 'डिसेम्बरवादीहरू' नाउँको उपन्यास लेख्न सुरु गरे । डिसेम्बरवादी पिटर इभानोभिच लाभाजोभ साइबेरिया निर्वासनमा ३० वर्ष बिताएपछि ६ हप्ता लगाएर बग्गीमा मस्को पुगेको सन्दर्भबाट उपन्यास सुरु हुन्छ । उनीसँग पत्नी मारिया निकोलायभ्ना, छोरी सोन्या र छोरा सेर्गेइ हुन्छन् । मारियाले ३० वर्षअघि पतिलाई निर्वासनमा साथ दिन साइबेरिया स्वनिर्वासन रोजेकी हुन्छिन् भने छोराछोरी त्यहीँ जन्मेका हुन्छन् । पिटर साइबेरिया निर्वासित भएपछि उनका भाइले दाजुको सम्पत्ति हत्याएका हुन्छन् । पिटर फर्केपछि पनि उनका भाइ सम्पत्ति फर्काउन तयार हुँदैनन् । 'मैले नलिएको भए त्यो राज्यले लिने थियो' भन्ने भाइको तर्कलाई पिटर स्वाभाविक मान्छन् ।


फर्केको पहिलो दिन होटलमा सामान मिलाउँदै समय बित्छ । उनीहरूको आगमनको सूचना होटलको बिलियार्ड खेल्ने ठाउँ हुँदै रात्रि भोजमा फैलिन्छ । भोलिपल्ट बिहान उनीहरू क्रेमलिनको गिर्जाघरमा प्रार्थना गर्न जान्छन् । यता पिटरको अनुपस्थितिमा उनलाई भेट्न आएका धेरै मानिसले आफ्नो परिचय र निमन्त्रणा होटल मालिकको‌मा छोडेर जान्छन् । ३० वर्षपछि पनि धेरै समकालीनहरूले आफूलाई नबिर्सेकोमा उनी आत्मसन्तोष गर्छन् । दिउँसोपख पिटर र मारिया आफ्ना अविवाहित दिदीकोमा पुग्छन् । दिदीलाई भाइ साइबेरियाबाट फर्केको अत्तोपत्तो हुन्न । भेटमा दिदीभाइ भविष्यको योजना र छोराछोरीबारे कुरा गर्छन् । छोरालाई सरकारी सेवामा लगाउनुपर्ने र छोरीलाई उपयुक्त पति भेट्टाउन सामाजिक भेलाहरूमा सहभागी गराउनुपर्ने दिदीको तर्कसँग भने पिटर सहमत हुँदैनन् ।

भूगोलको हिसाबले धेरै लामो यात्रा गरे पनि पिटर लाबाजोभलाई साइबेरिया र मस्को फरक लाग्दैन । उनलाई दुवै ठाउँ आफ्नो घर जत्तिकै प्यारा हुन्छन् ।

उपन्यासमा तोल्स्तोयले निर्वासनबाट फर्केका डिसेम्बरवादीहरू मस्कोमा 'क्लब र पार्टीहरूमा रमेका' समकालीनहरूको दाँजोमा शारीरिक र नैतिकरूपमा चुस्त रहेको देखाउन खोजेका थिए ।

उपन्यास लेख्दै गर्दा तोल्स्तोयलाई ३० वर्ष अगाडिको विद्रोह र साइबेरिया निर्वासनबारे नलेखी अगाडि बढ्न नसकिने लाग्न थाल्यो । फेरि विद्रोहबारे लेख्नुभन्दा अगाडि त्यसको पनि पृष्ठभूमि लेख्नु आवश्यक थियो । डिसेम्बरवादीहरूका संस्मरणहरूमा कसरी सन् १८१२ को नेपोलियनविरोधी युद्धले तिनको विचारमा परिवर्तन ल्यायो भन्ने लेखिएको थियो ।

सन् १८६१ मा तोल्स्तोयले बेलायतमा रहेका हर्जनलाई एउटा चिट्ठी पठाए । त्यसमा उनले लेखे, "सन् १८५६ मा मैले एउटा उपन्यास लेख्ने विषयमा सोच्न थालेँ । त्यसको मुख्य पात्र साइबेरियाबाट सपरिवार फर्केको एकजना डिसेम्बरवादी थियो । नचाही-नचाही म सन् १८२५ तिर फर्के । त्यही साल मेरो नायकले अप्ठ्याराहरू झेल्नुपरेको थियो । त्यसपछि मैले लेख्न सुरु गरिसकेको उपन्यास बिचमै छोडिदिएँ । तर, सन् १८२५ मा मेरो नायक जहान परिवारसहितको वयस्क भइसकेको थियो । उसलाई बुझ्न म उसको युवा अवस्थामा जानुपर्ने थियो । उसको युवा अवस्था भनेको रूसको सन् १८१२ को गौरवशाली समय हुन्थ्यो । फेरि एकपल्ट मैले आफ्नो लेखन बिचमै छोडेँ र सन् १८१२ बाट लेख्न थालेँ ।"



यसरी सन् १८६१ मा 'डिसेम्बरवादीहरू' उपन्यास तीन अध्यायभन्दा अगाडि बढ्न सकेन । साइबेरियाबाट फर्केका क्रान्तिकारीहरूको कथा लेख्ने योजना यसरी लम्बिँदै तीन उपन्यासको योजना बन्यो । पहिलोमा डिसेम्बर विद्रोहको पृष्ठभूमि, दोस्रोमा विद्रोह र तेस्रोमा साइबेरिया निर्वासन अनि त्यहाँबाट फर्केका क्रान्तिकारीहरूको युरोपेली रूसको जीवन । पहिलो कालको कथा विश्वप्रसिद्ध उपन्यास 'युद्ध र शान्ति' बन्यो । तर, तोल्स्तोयले योजना बनाएअनुसार दोस्रो र तेस्रो पुस्तक पूरा हुन सकेन ।

**'युद्ध र शान्ति' र 'डिसेम्बरवादीहरू'**

तोल्स्तोयले सन् १८६३ मा युवा डिसेम्बरवादीहरू हुर्केको समयबारे उपन्यास लेख्न सुरु गरे । सन् १८१२ को युद्ध एउटा महत्त्वपूर्ण कालखण्ड थियो । सन् १८१२ मा नेपोलियनले ६ लाख सेनाका साथ रूसमाथि आक्रमण गरे र हिउँदमा मस्को कब्जा गरे । मस्को सहर आगलागीमा पूरै ध्वस्त भयो । फ्रान्सेली सेनालाई गलाएर रूसले पछि धकेल्यो । फ्रान्सेली सेना लखेट्दै रूसी सेना फ्रान्सको पेरिससम्म पुग्यो । तर, फ्रान्सेली भाषा र संस्कृतिलाई १ सय वर्षदेखि उत्कृष्ट मान्दै पछ्याइरहेका रूसका खानदानी सैनिक अफिसरहरूको मस्तिष्कमा फ्रान्सेलीहरूको उदार र स्वतन्त्र जीवनशैली, संवैधानिक व्यवस्था, औद्योगिकरूपमा अगाडि बढेका सहरहरूले नमेटिने छाप छोडे । यो छाप नै डिसेम्बर विद्रोहको पृष्ठभूमि थियो ।

सन् १८१२ को समय लेख्नुअघि सन् १८०५ मा जानुपर्ने भयो । त्यो वर्ष फ्रान्ससँग रूसको शत्रुता सुरु भएको थियो र रूसले युद्धमा पहिलो हार खाएको थियो । यसरी 'युद्ध र शान्ति' उपन्यास सन् १८०५ बाट सुरु हुन्छ र सन् १८१२ को लडाइँ हुँदै १८२० को डिसेम्बरमा टुङ्गिन्छ । उपन्यासमा डिसेम्बरवादीहरूको उद्देश्य र गुप्त समाजबारे प्रस्ट उल्लेख कतै छैन । तर, जहाँतहीँ भविष्यका डिसेम्बरवादीहरूबारे सङ्केत पाइन्छ ।


एउटा सैलुनमा हुने छलफलबाट उपन्यास सुरु हुन्छ । नेपोलियनलाई कसरी हेर्ने भन्ने विषयमा १० वर्ष स्वीजरल्यान्डमा पढेर फर्केका पियर बेजुकोभको रूसी युवाहरूसँग विवाद हुन्छ । कथाका मूल पात्र उनै हुन्छन् । पियरको निम्ति नेपोलियन सकारात्मक पात्र हुन्छन् भने अरूको निम्ति नकारात्मक । सन् १८०५ ताका सीमित रूसी युवाहरूमात्र बाहिरी संसारसँग परिचित हुन्छन् । सन् १८१२ ले त्यो अवस्थामा ठुलो परिवर्तन ल्याउँछ । उपन्यास सन् १८२० को डिसेम्बरमा गएर टुङ्गिन्छ । त्यसबेला पियर २ महिनाअघि राजधानीमा भएको एउटा महत्त्वपूर्ण बैठकमा सहभागी भएर फर्किन्छन् । १८२० को सेप्टेम्बरमा पिटर्सबर्गमा सेम्योनोभ्स्की पल्टनका सैनिकहरूले नरम सैनिक विद्रोहबारे छलफल गरेका थिए । तोल्स्तोयले सोही घटना झल्काउन खोजेको सजिलै बुझ्न सकिन्छ । गुप्त बैठकहरूमा सम्मिलित पियर र निकोलाई रोस्तोभहरू ठीक ५ वर्षपछि (१८२५ डिसेम्बरमा) हुने विद्रोहका नायक हुनेछन् भन्ने सङ्केत 'युद्ध र शान्ति' मा पाइन्छ ।

**महान् लेखकको दुविधा**

सन् १८६९ मा युद्ध र शान्ति प्रकाशित भयो । तर, योजनाअनुसार तोल्स्तोयले डिसेम्बर विद्रोहबारे उपन्यासको अर्को खण्ड लेखेनन् वा लेख्न जाँगर देखाएनन् । त्यो किन होला ? प्रश्न उठ्नु स्वाभाविक छ । राज्यको कडा सेन्सर त्यसको एउटा कारण हुनसक्छ । डिसेम्बरवादीहरूलाई आममाफी दिइयो र भूदासहरूलाई मुक्त गरियो । तैपनि, उदार विचारअनुसार संवैधानिक र कानुनी राजको कल्पना गर्ने बागीहरूलाई नायक बनाइएको कथा जारको स्वेच्छाचारी हुकुममा स्वीकृत हुन सम्भव थिएन ।

डिसेम्बर विद्रोहबारे लेख्न आफूलाई विषयवस्तुबारे पर्याप्त ज्ञान भइनसकेको तोल्स्तोयको बुझाइ थियो । यो अर्को कारण हुनसक्छ । 'युद्ध र शान्ति' लेख्नको निम्ति उनले त्यस कालका पात्र र कागजातहरूको व्यापक अध्ययन र अनुसन्धान गरेका थिए । डिसेम्बर विद्रोहपछि प्रकाशित भएका सरकारी प्रतिवेदनहरूमा पहुँचको निम्ति तोल्स्तोयले धेरैपटक निवेदन दिएका थिए । तर, जारले त्यसलाई स्वीकार गरेनन् ।

डिसेम्बर विद्रोह गर्ने क्रान्तिकारीहरूका सम्बन्धमा तोल्स्तोयको अमिट दुविधा सबैभन्दा महत्त्वपूर्ण कारण हो भनी केही लेखक तर्क गर्छन् । ती क्रान्तिकारीहरू तत्कालीन रूसी समाजका नैतिकरूपमा सबभन्दा योग्य र स्वच्छ व्यक्तित्व थिए । सरकारी र सैनिक सेवामा रहेर पनि उनीहरूले सरकारी सेवामा चलिरहेको भ्रष्टाचारको बिगबिगीलाई निर्मूल गर्न दृढ सङ्कल्प गरेका थिए । तोल्स्तोयजस्ता युवाहरूलाई डिसेम्बरवादीहरूको उद्देश्यका साथै उनीहरूको स्वच्छ व्यक्तित्वको नैतिक बलले सबभन्दा बढी तान्थ्यो । तर, एक अहिंसावादी हुनाले सैनिक विद्रोहबाट सत्ता कब्जा गर्ने उनीहरूको कार्यशैलीमा तोल्स्तोय कहिल्यै सहमत हुन सकेनन् । आफूले खोजेजस्ता सबै नायकसुलभ गुणहरू डिसेम्बरका क्रान्तिकारीहरूमा रहेर पनि हिंसात्मक विद्रोहको सैद्धान्तिक मान्यताप्रति तोल्स्तोय कहिल्यै सकारात्मक बन्न सकेनन् । रूसका केही उदार बुद्धिजीवीले डिसेम्बर विद्रोहलाई विदेशी विचारको प्रभावमा भएको विद्रोह ठान्थे । रूसको परिवर्तन रूसी शैलीमा हुनुपर्छ भन्ने मान्यता राख्नेहरूमध्ये तोल्स्तोय एक थिए । अध्ययनसँगै डिसेम्बरवादीहरूप्रति तोल्स्तोय झन्झन् सकारात्मक हुँदै गए पनि उनको भित्री मनमा रहेको दुविधा कहिल्यै मेटिएन । त्यसैले, सन् १८७७-१८७८ मा 'डिसेम्बरवादीहरू' उपन्यास सकाउने तोल्स्तोयको दोस्रो प्रयास पनि पूरा हुन सकेन ।





मेक्सिकोको मेक्सिको सिटीमा मेक्सिको र इजरायलबिचको शैक्षिक, राजनीतिक र आर्थिक सम्बन्ध तोड्न माग गर्दै प्यालेस्टिनका जनतासँग ऐक्यबद्धता व्यक्त गर्दै अन्तर्राष्ट्रिय विश्वविद्यालय र लोकप्रिय सभाका कार्यकर्ताहरू, विश्वविद्यालय र हाईस्कूलका विद्यार्थीहरू, गाजामा इजरायलको आक्रमण र नरसंहारको विरोध गर्न शिविरको हिस्साको रूपमा मेक्सिकोको स्वायत्त विश्वविद्यालयको रेक्टरी भवन अगाडि मार्च गर्दै मे ९, २०२४ का दिन ।

*तस्बिर : युरी कोर्टेज/एएफपी*

# भारतको सर्वोच्च अदालतद्वारा केजरीवाललाई जमानतमा रिहा

नयाँदिल्ली, १० मे (एएफपी) । भारतको सर्वोच्च अदालतले शुक्रबार कारागारमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रतिद्वन्द्वीलाई जमानतमा रिहा गर्न आदेश दिएको छ । यसबाट उहाँलाई विद्यमान राष्ट्रिय निर्वाचनमा प्रचार गर्न अनुमति प्राप्त भएको छ ।

राजधानी दिल्लीका मुख्यमन्त्री तथा निर्वाचनमा मेदीको सामना गर्नका लागि गठित विपक्षी गठबन्धनका नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारको अनुसन्धानको सिलसिलामा मार्चमा हिरासतमा लिइएको थियो ।

आपराधिक अनुसन्धानको दायरामा आउने समूहका धेरै नेतामध्ये उहाँ एक हुनुहुन्छ । उहाँका एक सहकर्मीले निर्वाचनभन्दा एक महिनाअघि उहाँको गिरफ्तारीलाई सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) द्वारा रचित 'राजनीतिक षड्यन्त्र' का रूपमा वर्णन गर्नुभएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपाङ्कर दत्ताले केजरीवाल छ साताको निर्वाचनमा मतदानको अन्तिम दिन जून १ सम्म हिरासतबाट बाहिर रहन सक्नुहुने बताउनुभएको छ ।

सन् २०२१ मा मदिराको बिक्रीलाई उदार बनाउने र यस क्षेत्रमा आकर्षक सरकारी हिस्सेदारी छाड्ने नीति लागु गर्दा केजरीवालको सरकारमाथि भ्रष्टाचारको आरोप लगाइएको थियो । उक्त नीतिलाई अर्को वर्ष फिर्ता लिइयो तर लाइसेन्सको कथित भ्रष्ट विनियोजनमा नतिजाको अनुसन्धानले केजरीवालका दुई शीर्ष सहयोगीहरूलाई कारागार पुऱ्यायो ।

बारम्बार आरोपलाई अस्वीकार गर्दै आउनुभएका केजरीवालको समर्थनमा उहाँको गिरफ्तारीपछि भारतभरका अन्य धेरै ठुला सहरमा जुलुस निकालिएको थियो ।

करिब एक दशकसम्म मुख्यमन्त्री रहनुभएका ५५ वर्षीय केजरीवाल पहिलोपटक कट्टर भ्रष्टाचारविरोधी योद्धाका रूपमा कार्यालय आउनुभएको थियो । उहाँले अनुसन्धानको हिस्साका रूपमा सोधपुछका लागि भारतको वित्तीय अपराध एजेन्सी प्रवर्तन निर्देशनालयको बोलावट आदेशको विरोध गर्नुभएको थियो ।

मोदीका राजनीतिकविरोधीहरू र अन्तर्राष्ट्रिय अधिकार समूहहरूले लामो समयदेखि भारतको सङ्कुचित लोकतान्त्रिक स्थानप्रति चिन्ता व्यक्त गर्दै आएका छन् ।

विपक्षी काङ्ग्रेस पार्टीका सबैभन्दा प्रमुख सदस्य तथा दशकौँसम्म भारतीय राजनीतिमा वर्चश्व कायम गर्ने वंशका राहुल गान्धीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजुरीपछि आपराधिक मानहानिमा दोषी ठहराइएको थियो । उक्त फैसलालाई उच्च अदालतले खारेज नगरेसम्म उहाँको दुई वर्षको कारागार सजायले उहाँलाई केही समयका लागि संसद्बाट निलम्बन गरेको थियो ।

केजरीवाल र गान्धी दुवै दुई दर्जनभन्दा धेरै पार्टीबाट बनेको विपक्षी इन्डिया गठबन्धनको सदस्य हुनुहुन्छ र उक्त गठबन्धनले संयुक्तरूपमा भारतको निर्वाचनमा प्रतिस्पर्धा गरिरहेको छ ।

# जेलेन्स्कीलाई मार्ने षड्यन्त्र रचेको अभियोगमा स्टेट गार्डका प्रमुख बर्खास्त

किएभ, १० मे (एएनआई) । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीको हत्याको षड्यन्त्रमा दुई जना सदस्य संलग्न भएको आरोप लागेपछि राज्य गार्डका प्रमुखलाई बर्खास्त गरिएको अल जजिराले जनाएको छ ।

जेलेन्स्कीले बिहीबार राज्य गार्डका नेता सेरही रुडलाई बर्खास्त गर्नुभएको अल जजिराले रिपोर्ट गरेको छ । राज्य सुरक्षा सेवा (एसबियु) ले यस हप्ताको सुरुमा जेलेन्स्की र अन्य अधिकारीहरूविरुद्धको हत्याको षड्यन्त्र पत्ता लगाएको बताएपछि यो निर्णय आएको हो ।

यद्यपि, रिपोर्टका अनुसार उत्तराधिकारीका बारेमा अहिलेसम्म कुनै आधिकारिक तथ्य आएको छैन ।

एसबियुका अनुसार स्टेट गार्डका दुई जना कर्नेलले जेलेन्स्कीलाई बन्धक बनाई हत्या गर्ने योजना बनाएका थिए । एसबियु प्रमुख भासिल मालियुक र सैन्य गुप्तचर एजेन्सीका प्रमुख किरिलो बुदानोभलगायतका अधिकारीहरू पनि असफल षड्यन्त्रको लक्ष्य रहेको बताइएको छ ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीको हत्याको योजना बनाएको आरोपमा दुई युक्रेनी सुरक्षा अधिकारी पक्राउ परेको राज्य सुरक्षा सेवालाई उद्धृत गर्दै सिएनएनले रिपोर्ट गरेको छ ।

युक्रेनको सरकारी सुरक्षा एकाइका दुई कर्नेलमाथि आर्थिक क्षतिपूर्तिको बदलामा युक्रेनविरुद्धका गतिविधि गरेको आरोपमा राजद्रोहको आरोप लगाइएको थियो । तीमध्ये एकलाई आतङ्कवादी कार्यको तयारी गरेको आरोप पनि लगाइएको युक्रेनको अभियोजक जनरलको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार एक संदिग्धले रुसको राज्य सुरक्षा सेवा (एफएसबी) बाट दुई ड्रोन र गोला बारुद प्राप्त गरी अर्को सहयोगीलाई विस्फोटको लागि हस्तान्तरण गर्न चाहन्थे ।

एसबियुले जेलेन्स्की र एसबियुका प्रमुख भासिल मालियुक तथा युक्रेनको डिफेन्स इन्टेलिजेन्सका प्रमुख किरिलो बुडानोभलगायत अन्य वरिष्ठ युक्रेनी अधिकारीहरूको हत्या गर्ने 'सक्रियरूपमा विकास भइरहेको योजना' लाई 'विफल' पारेको बताएको छ ।

दुई अङ्गरक्षकले सङ्घीय सुरक्षा सेवामा संवेदनशील जानकारी सार्वजनिक गरेको आरोप लगाउने एसबियुको आरोपमाथि रुसले आधिकारिक प्रतिक्रिया भने दिएको छैन ।

यसअघि फेब्रुअरीमा जेलेन्स्कीले जनरल भ्यालेरी जालुज्नीलाई पदबाट बर्खास्त गरेपछि अलेक्जेन्डर सिरस्कीलाई नयाँ सेना प्रमुखका रूपमा नियुक्त गर्नुभएको थियो ।

# थाइल्यान्डमा अत्यधिक गर्मीले ६१ को मृत्यु

बैङ्कक, १० मे (एएफपी) । थाइल्यान्डमा यस वर्षको अहिलेसम्म अत्यधिक गर्मीले ६१ जनाको ज्यान लिएको छ । यो २०२३ को तुलनामा धेरै तातो भएको उल्लेख गर्दै स्वास्थ्य मन्त्रालयले सम्पूर्ण क्षेत्रमा यो साताासम्म अत्यधिक गर्मी भएको बताएको छ । हालैका साताहरूमा थाइल्यान्डमा असाधारण तातो मौसमको लहरले अधिकारीहरूले लगभग दैनिक आधारमा यसबारेमा चेतावनी जारी गर्नुपर्यो ।

स्वास्थ्य मन्त्रालयले शुक्रबार सन् २०२४ को सुरुदेखि गर्मीका कारण ६१ जनाको मृत्यु भएको बताएको छ । सन् २०२३ मा ३७ जनाको मृत्यु भएको थियो । थाइल्यान्डको उत्तरपूर्वी कृषिप्रधान क्षेत्रमा गर्मीका कारण सबैभन्दा धेरै मृत्यु भएको मन्त्रालयले जनाएको छ । वैज्ञानिकहरूले लामो समयदेखि मानव-प्रेरित जलवायु परिवर्तनले अधिक बारम्बार, लामो र अधिक तीव्र तातो छालहरू उत्पादन गर्ने चेतावनी दिएका छन् ।

संयुक्त राष्ट्रसङ्घको मौसम विज्ञान सङ्गठनका अनुसार अल निनोको घटनाले यस वर्षको असाधारण गर्मीको मौसमलाई ल्याउन सहयोग गरिरहेको छ । एसिया पनि विश्वव्यापी औसतभन्दा तीव्र गतिमा तातो भइरहेको छ ।

थाइल्यान्डको रोग नियन्त्रण विभागका सहायक अपिचार्ट वाचिराफानले अन्तर्निहित चिकित्सकीय अवस्था भएका मानिसहरूलाई बाहिर निस्कने समयलाई सीमित गर्न चेतावनी दिनुभयो । सामान्यभन्दा लामो समयसम्म चल्ने तातो मौसमको साथ यस वर्ष राज्यले मनसुनको मौसममा ढिलाइ अनुभव गरेको छ । यस हप्ता राज्यका केही भागमा आँधीबेहरी आउँदा तापक्रम कम भएको छ तर अधिकारीहरूबाट सम्भावित बाढीको चेतावनी ल्याएको छ ।

## विश्व सङ्क्षेप

# अमेरिकामा प्राकृतिक ग्यासको साप्ताहिक भण्डारण बढ्यो : ईआईए

ह्युस्टन (अमेरिका), १० मे (सिन्हवा) । संयुक्त राज्य अमेरिकामा मे ३ तारिख अन्त्य भएको साताामा कार्यशील ग्यास भण्डारण दुई हजार पाँच सय ६३ अर्ब घनफिट रहेको अमेरिकी ऊर्जा सूचना प्रशासन (ईआईए) ले बिहीबार बताएको छ । यो अघिल्लो साताको तुलनामा ७९ अर्ब घनफिटले शुद्ध वृद्धि भएको उक्त संस्थाले बताएको छ ।

ईआईए ऊर्जाको तथ्याङ्क सङ्कलन, विश्लेषण, सञ्चालन र पूर्वानुमान गर्ने जिम्मेवार सरकारी निकाय हो । ईआईएको साप्ताहिक प्राकृतिक ग्यास भण्डारण प्रतिवेदनअनुसार कुल कार्यशील ग्यास भण्डारण गत वर्षको यही समयको तुलनामा २१ प्रतिशतले र पाँच वर्षको औसतभन्दा ३३ दशमलव तीन प्रतिशतले बढेको छ ।

कार्यशील ग्यासलाई भूमिगत भण्डारण गरिएको प्राकृतिक ग्यासको मात्राको रूपमा परिभाषित गरिएको छ । यसलाई प्रयोगका लागि निकाल्न सकिन्छ । यसको भण्डारण क्षमतालाई डिजाइन क्षमता र अधिकतम कार्यशील ग्यास क्षमता गरी दुई तरिकाले मापन गरिन्छ ।

# मिशुस्टिनलाई रुसी प्रधानमन्त्रीमा पुन : नियुक्त गर्ने पुटिनको प्रस्ताव

मस्को, १० मे (सिन्हवा) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मिखाइल मिशुस्टिनलाई पुन: रुसको प्रधानमन्त्रीमा नियुक्त गर्न संसद्को तल्लो सदन स्टेट ड्युमामा प्रस्ताव गर्नुभएको छ ।

प्रधानमन्त्री पदका लागि राष्ट्रपति पुटिनले अघि सार्नुभएका उम्मेदवारलाई राज्य डुमाको शुक्रबारको बैठकले अनुमोदन गर्ने राज्य डुमाका सभामुख व्याचेस्लाभ भोलोदिनलाई बताउनुभएको छ ।

मङ्गलबार क्रेमलिनमा पुटिनले रुसी राष्ट्रपतिको रूपमा शपथ ग्रहण गरेपछि मिशुस्टिनले कानुनबमोजिम रुसी मन्त्रिपरिषदको प्रमुखबाट राजीनामा दिनुभएको थियो ।

# अर्जेन्टिनामा डेङ्गुविरुद्धको खोप अभियान सञ्चालन

ब्युनस आयर्स, १० मे (सिन्हवा) । अर्जेन्टिनामा यस वर्ष डेङ्गुका चार लाख २० हजार भन्दा बढी केस भेटिएपछि डेङ्गु लक्षित खोप अभियान घोषणा गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयले राष्ट्रिय खोप आयोग (कोनेन) को सिफारिसको आधारमा र महामारीविरुद्धको व्यापक रणनीतिको एक भागको रूपमा प्रभावित क्षेत्रलाई लक्षित गरी खोप कार्यक्रम सञ्चालन गरिएको जनाएको छ ।

मन्त्रालयले डेङ्गु अति प्रभावित जिल्लाहरूमा १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिलाई चरणबद्धरूपमा खोप अभियानमा समेटिने बताएको छ ।

मे ५ मा सार्वजनिक गरिएको आधिकारिक तथ्याङ्कअनुसार अर्जेन्टिनाले यस वर्ष हालसम्म देशका २४ जिल्लामध्ये १९ जिल्लामा लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गु रोगका कारण चार लाख २० हजार आठ सय ६७ जनामा डेङ्गु लागेको र दुई सय ९१ जनाको मृत्यु भएको छ ।

एडिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल रोग डेङ्गु भएपछि सामान्यतया टाउको दुख्ने, उच्च ज्वरो आउने, थकान महसुस हुने, मांसपेशी र जोर्नी दुख्ने, ग्रन्थी सुन्निने, बान्ता हुनेजस्ता लक्षण देखापर्छ ।

# एयर इन्डिया एक्सप्रेसका कर्मचारीको हडताल समाप्त

नयाँदिल्ली, १० मे (एएफपी) । उडान तालिकामा दुई दिनको गम्भीर अवरोधपछि विमान सेवाका कर्मचारीको हडताल समाप्त भएको एयर इन्डियाले जनाएको छ ।

ऋणमा डुबेपछि उक्त एयरलाइन्सलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय टाटा समूहले एयरलाइन्सको स्वामित्व आफूले लिएको थियो ।

मिडिया रिपोर्टका अनुसार टाटा समूहले कर्मचारीको भर्ती र पदोन्नतिजस्ता विषयमा नयाँ नीतिहरू सार्वजनिक गरेसँगै कर्मचारीले त्यसको विरोध गरेका थिए ।

एयर इन्डिया एक्सप्रेसका दर्जनौं केबिन क्रू कर्मचारीहरू मङ्गलबार रातिदेखि बिरामी परेको भन्दै काममा आएका थिएनन् । जसले गर्दा एयरलाइन्स कम्तिमा एक सय ७५ वटा उडानहरू ढिलाइ तथा रद्द गर्नुपरेको थियो ।

बिहीबार जारी विज्ञप्तिमा एयरलाइन्सका प्रवक्ताले कर्मचारीसँगको बैठकपछि समय तालिकालाई जतिसक्दो चाँडो लयमा फर्काउन काम गरिरहेको जनाइएको छ ।

विज्ञप्तिमा अनपेक्षित अवरोधहरूबाट सेवाग्राहीमा पुगेको असुविधाप्रति क्षमा मागिएको छ ।

भारतीय सञ्चार माध्यमका अनुसार एयरलाइन्सले बर्खास्त गरेका कम्तीमा २० जना हड्ताली कर्मचारीलाई पुन: काममा फर्काएको छ ।

# शिक्षक, शिक्षा र भविष्य

✍ एक अभिभावक

I

वर्गीयरूपले शिक्षकहरू निम्न पुँजीपतिवर्गमा पर्छन् । तर, नेपालका केही शिक्षकहरू सामन्त र पुँजीपतिवर्गबाट आएकाहरू छन् । तर, ती शिक्षकहरूले आफ्नो सम्पर्कमा भएका शिक्षकहरूलाई सिंहदरबारमा पुग्ने उपायहरू सिकाउँछन् र योग्य शिक्षकहरूलाई शिक्षाबाट विमुख पारी तिनीहरूको योग्यतालाई पुँजीपतिवर्गको सेवा गराउने र विदेशी गैरसरकारी संस्थाहरूमार्फत साम्राज्यवादी र विस्तारवादीहरूको हित गर्ने सेवामा पुऱ्याउने बिन्दुहरूमा पुऱ्याउँछन् । यसरी राम्रा शिक्षकहरूलाई एक एक खुड्किलो चढाउँदै अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरू विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैङ्क जस्ता संस्थाहरूमा पुऱ्याउँछन् । आखिर नेपालका जनताका छोराछोरीहरूलाई समेत साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको सेवामा पुऱ्याउँछन् ।

शिक्षक सङ्गठन र अन्य वामपन्थी वर्गीय सङ्गठनहरूले आफ्नो क्रान्तिकारी चरित्रको ठाउँमा 'ट्रेड युनियनवाद'को बाटोमा लगेर आफूहरूलाई शोषकवर्गमा पुऱ्याए । युरोपका १९ औँ र २० औँ शताब्दीको क्रान्तिकारी मजदुर आन्दोलनको ठाउँमा मजदुर सङ्घहरूलाई पुँजीवादी राजनैतिक दलहरू स्थानीय निकाय र जनताबाट निर्वाचित हुने संस्थाहरूमा पुगेर बढी तलब, सरल काम, बढी भत्ता, आर्थिक सहुलियत र फाइदाहरू पाउनकै लागि चुनावलाई उपयोग गर्ने नीतिको दुरुपयोग गरे । यसरी मजदुर आन्दोलनको नेतृत्वलाई नै सुविधा प्राप्त वर्गमा पुऱ्याएर आन्दोलनहरूमा फाटो ल्याउँदै तिनीहरूको क्रान्तिकारी चरित्रलाई व्यक्तिगत आर्थिक हितमा पुऱ्याउने पुँजीवादी भासमा पुऱ्याए । उदाहरणको लागि कर्मचारीहरूलाई जस्तै शिक्षकहरूलाई पनि लुगा भत्ता, औषधि भत्ता, भ्रमण भत्ता, छोराछोरीहरूलाई छात्रवृत्तिको निश्चित प्रतिशत स्थानजस्ता अनेक सहुलियत दिएर गाउँ र सहरका शिक्षकहरूमा पनि भेद ल्याउने काम भयो ।

पुँजीवादी शिक्षक सङ्गठनका नेताहरूले समाजमा आमूल परिवर्तनलाई कामदारवर्गको शासन व्यवस्था-समाजवादको बारेमा शिक्षित गर्नुभन्दा 'जे गरेर भए पनि' अर्थात् 'घुस खुवाएर भएपनि' पुँजीवादी शासक दल र नेताहरूको पुच्छर भएर चाकरी एवं चिप्लो घसेर काठमाडौँमा घर बनाउने, व्यापक जनताका सबै छोराछोरीहरूको हितमा होइन आफ्नै छोरा-छोरीको हितमा हुने खालका नीति नियम बनाउनेजस्ता स्वार्थी काममा लागे । यसको अर्थ हो-आन्दोलनमा फाटो ल्याई शोषक र शासकवर्गको हित र पुँजीवादी शासन व्यवस्थाको आयु थप्ने काम गर्नु ।

जिल्ला-जिल्ला र गाउँ-गाउँका विद्यालयका शिक्षक-शिक्षिकाहरू पाँच पाँच लाख रुपैयाँ घुस दिएर काठमाडौँ उपत्यकामा सरुवा भएको चर्चा व्यापक छ । घुस दिने ठाउँ जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रकै कर्मचारी, नेता र मन्त्रीहरूको नाम बताउँछन् । तिनीहरूमध्ये केही परीक्षा र आयोगबाट सरुवा भएका पनि छन् । तर, विद्यालयमा पुग्दा ती शिक्षकहरू अङ्ग्रेजी, गणित, विज्ञान मात्र होइन नेपाली भाषा समेत व्यवस्थित रूपले पढाउन नसक्ने बताउँछन् । तिनीहरू विद्यालयको विरोधमा असहयोग गर्दै छन् वा आफ्नै योग्यताको कारण पढाउँदैनन् भन्ने बुझ्न बाँकी नै छ ।

विश्वविद्यालयको स्नातक अध्ययन कहिले चार वर्ष, कहिले तीन वर्ष र कहिले दुई वर्ष बनाउने र विद्यालयका कक्षाहरूमा समेत सबैलाई उत्तीर्ण गर्ने नीतिले देशको शिक्षा प्रणालीलाई नै भद्रगोल एवम् विदेशी विश्वविद्यालयहरूका पदाधिकारीहरूले सुन्दैमा हाँस्ने गरेको बताउँछन् । यस्ता अस्थिर र भद्रगोल नीति ल्याउने प्रस्तावकहरू को को हुन् र ती विशेषज्ञहरूको उद्देश्य के हो भन्ने विषयमा प्रदेश र जिल्ला-जिल्लाका शिक्षाविद् र शिक्षकहरूमाझ छलफल र अन्तरक्रिया गर्नुपर्ने थियो आजसम्म भएको छैन ।

संसद्मा एकजना सांसदले सोध्नुभएको सुनिएको थियो, 'के सिँहदरबारमा बाँदरहरू पसेकै हुन् ?'

II

उच्च शिक्षाबारे अमेरिकी साम्राज्यवादका आर्थिक हातहतियारहरू विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैङ्कजस्ता संस्थाहरूको उद्देश्य विकासशील देशहरूमा 'डलर' लगानी गर्नुको साथै ऋणी देशहरूको अर्थतन्त्रको खानतलासी गर्ने र आफ्नो अनुकूल आर्थिक नीति बनाउन दिनु हो ।

ती बैङ्कहरू आफ्ना मालिकहरूको उद्देश्यअनुसार भन्छन्- "'उच्च शिक्षा' भनेको व्यक्ति र परिवारको मनोरञ्जनजस्तै हो, कोकाकोला र फान्टाजस्तो गर्मीमा पिउने वस्तु हुन्, आवश्यकता होइन बरु सौँख र फर्माइस खर्च गर्नु हो । सबै जनतालाई नि:शुल्क उच्च शिक्षा दिनु भनेको देशमा शारीरिक श्रम गर्ने ज्यामीहरूको सङ्ख्या घटाउनु हो र देशमा खेती गर्ने किसान, कारखानाका मजदुर र निर्माण कार्यको ज्यामी नपाउने खोटपूर्ण नीति हो । यसकारण, सबै गरिबका छोराछोरीलाई उच्च शिक्षा दिनु हुन्न ।"

सम्भवत: विद्यालयका कक्षाहरूको परीक्षा र प्रवेशिका परीक्षामा सबैलाई उत्तीर्ण गराउने नीति सरकारले विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्कबाट नेपालले ऋण पाउन हो र ती संस्थाहरूलाई बढी ब्याज दिलाउने उद्देश्य हो ।

नेपालीले 'उच्च शिक्षा हासिल गर्ने' हो भने नेपालमा होइन संयुक्त राज्य अमेरिका र भारतजस्ता देशमा हो भन्ने गुप्त योजना बनाएको हो । प्रवेशिका परीक्षा उत्तीर्ण गरेका प्रमाणपत्रहरू विदेशमा गई काम गर्ने स्वीकृति पत्रको रूपमा प्रयोग हुने व्यवहारमा देखियो । नेपालमा विदेशी पुँजीपतिहरूले विदेशमा बहुराष्ट्रिय कम्पनीहरूमा पुँजी लगाएका हुन्छन् र ज्यामी बन्दोबस्त गरेका छन् गोर्खा भर्तीका गल्लावालहरूजस्तै । त्यसबाट नेपाली एजेन्टहरूले गाउँका ठुलाठालु र जालीफटाहाहरूले गरिबहरूका घरखेत सस्तोमा किन्न पाए वा उच्च ब्याजमा ऋण दिने अवसर पाए । गरिब जनताले आफ्ना अचल सम्पत्ति गुमाउँदै गए ।

प्रदेशका जिल्ला जिल्लाका शिक्षकहरू काठमाडौँ र अन्य पायक पर्ने सहर बजारमा पुग्दा बिस्तारै गाउँ-गाउँका विद्यालयहरूमा शिक्षकको कमी हुँदै जाँदा विद्यालयहरू मर्ज (दुई-तीन विद्यालय एउटैमा मिलाउने काम) हुँदै जानेछन् । नजिकका विद्यालयहरू बन्द भएपछि नयाँ युवाहरूको सङ्ख्यामा समेत शिक्षित प्रतिशतमा कमी आउने स्वयंसिद्ध छ । अनि ती युवाहरू विदेशी सेवा र ज्यामी बन्दै जानेछन् । त्यसमध्ये धेरै भारत र अमेरिका जानेछन् । नेपालमा भारतीय कामदार र 'टुटाफुटा भाडावर्तन', 'फलफुल' र खुद्रा सामानका चारपाङ्ग्रे बढ्नेछन् । ती नै नेपालका भावी नागरिक हुनेछन् ।

हिजोका प्रजातान्त्रिक समाजवादी र वामपन्थी शिक्षक सङ्गठनका नेताहरूको बडा राष्ट्र अहङ्कारवादको परिणाम यस्तै हुनेछ ।

III

सामान्यरूपले वर्तमान शिक्षकहरूको गतिविधि, अध्ययन र अध्यापनलाई नियाल्दा तीठलाग्दा छन् । शिक्षकहरूको तलब र सहुलियत पाउने भए कर्मचारी वा अन्य क्षेत्रमा सरुवा हुने मनसाय शिक्षकहरूको देखिन्छ । शिक्षित मानिसहरूको ध्यान आफ्नो बौद्धिक र प्राज्ञिक जानकारीले देशको सेवा गर्नुभन्दा 'अरुका छोराछोरीलाई शिक्षित र दीक्षित' गर्नुभन्दा अर्कै पेसा रोज्ने र आफ्ना छोराछोरीलाई महँगा विद्यालय वा विदेश पठाउनमा जोड दिने सोचमा देखिए । यस्ता विचारका शिक्षकहरू घुमाइफिराइ शासक र शोषकवर्गकै स्वार्थको चङ्गुलमा फस्ने निश्चित छ - माछा बल्छीमा फसेजस्तै ।

जनताका शिक्षक शिक्षिकाहरूले स्थितिलाई गम्भीरतापूर्वक मनमा लिइएन । आफ्ना निराशा, हिनताबोध र अध्ययनप्रतिको वितृष्णाको ठाउँमा शिक्षकहरू नै देश र जनताका भविष्य निर्माता हुन् भन्ने भावनालाई मन र मस्तिष्कमा राखेर उत्साहपूर्वक एक शिक्षकको नाताले विद्यालय र शिक्षाप्रति समर्पित भावनाले स्वअध्ययनलाई समेत प्राथमिकतामा राखेर आफ्नो मात्रै होइन आफ्ना सन्तानको भविष्यलाई सुनिश्चित गर्न शैक्षिक पुन: जागरण र शिक्षाको स्तरमा वृद्धि गर्ने कार्यमा पूर्ण समर्पित हुनु आवश्यक छ । शिक्षकहरूको जाँगरमा त्यो शक्ति विद्यमान छ ।

एक गम्भीर विषय उजागर भएको थियो- एक शिक्षामन्त्रीले जिल्ला शिक्षा अधिकारी वा शिक्षा क्षेत्रका कर्मचारीबाट ५-५ लाख असुल गर्ने प्रधानमन्त्रीको आदेश पालना गर्न नसक्ने हुँदा शिक्षामन्त्री पदबाट राजीनामा गरेका थिए ।

## देवालीको बोका

✍ साहिँला

*वैशाख महिनाको*
*अक्षय तृतीयाको दिन*
*बाजागाजासहित*
*लावा लस्करबिच*
*रातो टीका फूलमालाले*
*सजिएको छ*
*देवालीको बोका ।*
*खुसीले मख्ख छ बोका*
*किनभने,*
*आज मान्छेले उसलाई पुजेको छ*
*कहिल्यै नसोचेझैँ*
*बाजागाजाको धुनसँगै*
*बाटोभरि उफ्रीउफ्री*
*पूजास्थलतर्फ गइरहेछ*
*देवालीको बोका ।*
*बाटोमा आफूजस्तै बोकाहरू*
*भेट हुँदा एक आपसमा*
*फाइँफुइँ गर्दै घमण्डले*
*सिङौरी खेल्न जाइलाग्छन्*
*ती देवालीका बोका ।*

*टन्टलापुर घाममा*
*मूर्ति पूजासँगै केही खुवाउँदै*
*चिसो जलले छर्किएर पर्साउँदा*
*झ्याइँ झ्याइँ बाजाको तालमा*
*मख्ख पर्छन्*
*ती देवालीका बोका ।*
*जीउ सुम्सुम्याएर धाप मार्दै*
*विस्तारै खुट्टा समातेर*
*घाँटी अँठ्याउँदै गल्ला रेट्दा*
*उसको घमण्ड र बलको*
*कुनै सीप लाग्दैन*
*छट्पटिँदै तनक्क तन्किएर*
*अन्तिम सास फेर्छ*
*देवालीको बोका ।*
*बस !*
*आजभोलि*
*फेरि*
*कृत्रिम अक्षय तृतिया मान्दै छन्*
*केही युद्धपिपासुहरू*
*दक्षिण र पश्चिमको बाजा बज्दै छ*
*शासकहरूको दम्भ*
*देवालीको बोकाको जस्तै त हुने होइन ?*

## वन जोगाउन जीवन बचाऊ

● सुनिता गाइसी

हावापानी सुख्खा मौसम
विचार गरौँ है ।
जथाभावी चुरोटका ठुटाहरू
जङ्गल वरपर कहिले नफालौ है ।

हुरीबतास चलिरहेको
मौसम डरलाग्दो
सचेत बनौँ
बेलै मानव जोगाउन है ।

आफ्नो बारीको झार
बाल्दा जङ्गल सखाप भो
व्यक्तिगत स्वार्थले वन्यजन्तुको
हरि विजोग भो ।

निर्दोष ती वन्यजन्तु
अब कता जान्छन्
साना साना जीवहरू
त्यही खरानी हुन्छन् ।

केही समयअघिका
हरिया जङ्गल
आज फुस्रा छन्
डढेलोको चपेटामा परिरहेका छन् ।

हावापानी, माटो, जङ्गल
जीवनका आधार
वातावरण स्वच्छ भए
चल्छ हाम्रो संसार


रुख रोपौँ वन जोगाऔँ
हराभरा पारी
हरियो वन नेपालको धन
नारा अघि सारी ।

एकले गरी यहाँ केही
हुन्न हेर
सबै मिली गरे
लाग्दैन समय धेर ।

सद्भाव अनि सुविचारले
समाज अघि बढ्छ
हरियाली वन हेरी
कोइली गीत गाउँछ ।

## महान् कलाकार अरनिको !

✍ न्हुछेरत्न वुद्धाचार्य



सगरमाथाको देशका राष्ट्रिय विभूति
यो ज्ञानभूमिका धर्ती पुत्र
अरनिकोको महान् कलाकारिता
एसियामा चम्किरहेको एक नेपाल तारा !

हिमालमुनिको पवित्र भूमिमा जन्मेर
हिमालपारिको विशाल भूमिमा आफ्नो प्रतिभा देखाएर
मातृभूमिको इज्जत र गौरव बढाउने
यो राष्ट्रको प्रथम सांस्कृतिक मित्रताको दूत हो ।

तिम्रो लगनशीलता ! तिम्रो अनुपम सीपले
सात सय वर्ष पहिले
सम्राट कुब्लाखाँलाई मुग्ध पारेर
सत्र वर्षको उमेरमा कुशल मूर्तिकार भएर देखाए ।

तिमीले निर्माण गरेका मूर्तिकला, वास्तुकला
ऐतिहासिक तथा सांस्कृतिक कला साधनाका स्मारकहरू
चिनियाँ जनताको अपार हृदयमा
तिम्रो परिश्रम सम्मानित भएर विश्व प्रसिद्ध कलाकृति बन्यो ।

आज तिम्रो महान् सेवाले हामी सम्झना गरिरहेका छौँ
यो धर्तीमा तिम्रो गुणगान सधैँ गरिरहने छौँ
तिमीले देखाएको राष्ट्रको गौरव बढाउने अभियानको पथमा
भोलिका भविष्यका कर्णधारहरू तिम्रो पथमा अघि बढिरहने छन् ।

## 'नयाँ नेपाल !' यस्तै भयो !!

✍ इकुश्रे

मन्त्री जति बढाए पनि भयो !
भत्ता जति पचाए पनि भयो !
कमिसन जति खाए पनि भयो !
भ्रष्टाचार जति लाए पनि भयो !

विज्ञ/सल्लाहकार जति डाके पनि भयो !
सुरक्षा दस्ता जति राखे पनि भयो !
काण्डैकाण्ड ! जति ढाके पनि भयो !
शासन ! जति हाँके पनि भयो !

सुविधा जति बढाए पनि भयो !
ऋणाङ्क जति चढाए पनि भयो !
'नयाँ जोगी' जति आए पनि भयो !
योजना जति सुनाए पनि भयो !

अधिकार जति बढाए पनि भयो !
कर्तव्य जति घटाए पनि भयो !
कस्तो समृद्ध र कस्तो सुखी हो !
'नयाँ नेपाल !' यस्तै बनाए भयो !!

# महाकालीबाट दोधारा चाँदनीलाई पानी दिने विषय कार्यान्वयन भएन

महेन्द्रनगर (कञ्चनपुर), २८ वैशाख । कञ्चनपुरको दोधारा चाँदनीलाई शारदा नहरबाट सिँचाइका लागि तीन सय ५० क्युसेक पानी दिने भनिए पनि हालसम्म कार्यान्वयन भएको छैन ।

सन् १९९६ को एकीकृत महाकाली सन्धिमा कञ्चनपुरको दोधारा चाँदनीलाई शारदा नहरबाट सिँचाइका लागि पानी दिने विषय उल्लेख भए पनि कार्यान्वयन हुन नसकेको हो ।

हरेक निर्वाचनका समयकम र जिल्ला भ्रमणका बेला प्रायः राजनीतिक दलका नेताहरूले महाकाली सन्धिअनुसार महाकाली नदीबाट दोधारा चाँदनीलाई पानी उपलब्ध गराउने विषय उठान गर्दछन् । उक्त विषय ओझेलमा पर्दै हालसम्म पनि दोधारा चाँदनीलाई पानी दिने विषयले प्रवेशसम्म पाएको छैन ।

महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकृत एवं इन्जिनियर उमेशकुमार गुप्ताले दोधारा चाँदनीमा नेपाली पक्षले १६ किलोमिटर नहर बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरिसकेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भारतबाट पानी दिने विषय अझै अन्यौल छ । दुई देशबिच अध्ययन भएर कहाँबाट कसरी दिने भन्ने यकिन नै भएको छैन ।"

इन्जिनियर गुप्ताले शारदा नहरको पाँच किलोमिटरबाट नेपाललाई पानी दिने भनिए पनि कार्यान्वयन नभएको बताउनुभयो । "यसअघि दोधरा चाँदनीको सीमासम्म नहर निर्माण गरी पानी उपलब्ध गराउन डिपिआरसहित आयोजना पेस गर्दा पनि भारतबाट त्यसको कुनै ठोस जवाफ आएन," उहाँले भन्नुभयो ।

शारदा नहरबाट सन्धिअनुसार नेपाल–भारत सीमासम्म भारतले एघार सय मिटर मूल नहर निर्माण गर्नुपर्ने उल्लेख गरिएको इन्जिनियर गुप्ताले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सीमाबाट यता दोधारातर्फ १६ किमी मूल नहर बनाउनुपर्ने छ । दोधारा चाँदनीमा करिब आठ किमी जति मलेरिया नालालाई स्तरोन्नति गरी मूल नहर बनाउने योजना छ ।" शारदा नहरबाट दोधारा चाँदनीमा पानी पुगे यहाँ तीन हजार ४० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने उहाँले जानकारी दिनुभयो ।

इन्जिनियर गुप्ताले भारतीय पक्षसँग नेपाली पक्षले दुई पक्षीय छलफल गरी यहाँबाट राजनीतिक तवरबाटै उक्त विषय टुङ्गोमा पुऱ्याउनुपर्ने जोड दिनुभयो । दोधारा चाँदनी नगरपालिकाका प्रवक्ता ओम बस्नेतले दोधारा चाँदनीले सन्धिअनुसार सिँचाइका लागि पानी पाउनुपर्ने विषय नेपालले कूटनीतिक तवरबाट पहल गरी समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "लामो समय भइसक्दा पनि यो विषय अझै कार्यान्वयनको चरणमा पुग्न सकेको छैन । माथिल्लो तहबाट यसको टुङ्गो लगाएर यहाँका किसानले सिँचाइ सुविधा पाउनुपर्छ ।" *रासस*

# जहाजको इन्जिन मर्मतबारे छानबिन गर्न निगमद्वारा समिति गठन

काठमाडौं, २८ वैशाख । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले 'नाइन एन–एकेएक्स' कलसाइन न्यारोबडी ए–३२० जहाजको इन्जिन मर्मतमा ढिलाइ भएको सम्बन्धमा छानबिन गर्न समिति गठन गरेको छ ।

निगम सञ्चालक समितिको बैठकले सञ्चालक समिति सदस्य क्याप्टेन सुधिर शमशेर राईको संयोजकत्वमा पाँच सदस्यीय छानबिन उपसमिति गठन गरेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार समितिलाई निगमको जहाजको इन्जिन इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई) मा मर्मत सम्भार गर्न पठाइएकोमा समयमा नआएको र भाडाको इन्जिन समयमा नदिएको सम्बन्धमा छानबिन एवं अध्ययन गरी १५ दिनभित्र उपयुक्त राय सिफारिससहित प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको छ ।

निगमको न्यारो बडी जहाजको इजरायलमा इन्जिन मर्मत गर्न करिब पाँच महिना लागेको थियो । निगमको उक्त जहाज मर्मतपछि अहिले नियमित उडानमा छ । रासस

# वाग्मती प्रदेशसभाको बर्खे अधिवेशन आह्वान

मकवानपुर (हेटौँडा), २८ वैशाख । वाग्मती प्रदेशसभाको बर्खे अधिवेशन वैशाख ३१ गते दिउँसो १ बजेका लागि आह्वान गरिएको छ । प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम वाग्मती प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय र सिफारिसबमोजिम प्रदेशसभाको बर्खे अधिवेशन आह्वान गर्नुभएको हो ।

वाग्मती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले आगामी जेठ ४ गते प्रदेशसभाअन्तर्गतका विभिन्न पाँच वटा समितिको सभापति पदको निर्वाचन गर्ने विषयमा सबै दलबिच सहमति भएको बताउनुभएको छ ।

सभामुख पाठकले जेठ ४ गतेसम्म सहमतिको प्रयास गर्ने र सम्भव नभए निर्वाचनमार्फत सभापतिको चयन गर्ने बताउनुभयो । प्रदेशसभाको नियमावली २०७४ अनुसार प्रदेशसभामा पाँच वटा विभिन्न समितिहरू रहने व्यवस्था छ । प्रदेशसभामा अहिले प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, कृषि, स्वास्थ्य तथा शिक्षा समिति, पर्यटन, उद्योग तथा वाणिज्य समिति र भूमि तथा सहकारी व्यवस्था समिति छन् ।

# पूर्वी नाकामा एकपछि अर्को तगारो

**- चन्द्रकला भण्डारी**

झापा, २८ वैशाख । पूर्वीनाका काँकडभिट्टाबाट दशकौँदेखि सहजरूपमा हुँदै आएको निर्यात व्यापार तथा पर्यटकीय आवागमनमा भारतीय नीति एकपछि अर्को गर्दै बाधक बन्दै गर्दा यसको सोझो असर नेपाली अर्थतन्त्रमा परेको छ ।

नेपालमा उत्पादित अलैँची, प्लाइउड, चिया, छुर्पी, अम्लिसो, अदुवा, प्लाइउडको मुख्य कच्चा पदार्थ (भेनियर सिट) लगायतका कृषिजन्य उत्पादनको बजार भारतमा निर्भर छ ।

निर्यात सहज भएका बेला किसानले आफ्नो उत्पादनको मनग्य मूल्य पाउँदै आएका थिए । तर, भारत सरकारको पछिल्लो गुणस्तर मापदण्ड नीति नेपाली उत्पादनको निर्यातका लागि तगारो बनेको व्यवसायीहरू बताउँछन् । यसै साता भारत पठाइएको नेपाली चिया लोड गरिएका १७ वटा ट्रकलाई पश्चिम बङ्गालको पानी ट्याङ्की स्थल भन्सार कार्यालयले गुणस्तर परीक्षणको निहुँमा नाकामा रोकिएको बताइएको छ ।

नेपाली चियाको निर्यातका लागि पटके गुणस्तर परीक्षणको नयाँ नियम लगाएको कारण ती चिया भारतीय भन्सार विन्दुमै रोकिएको नेपाल चिया उत्पादन सङ्घ झापाका पूर्वअध्यक्ष सुरेशकुमार मित्तल बताउनुहुन्छ । उहाँका अनुसार यसअघि गुणस्तर परीक्षणको नियम सहज थियो । विगतमा वार्षिक रु. चार अर्बसम्मको चिया भारततर्फ काँकडभिट्टा नाकाबाट निर्यात हुँदै आएको थियो । आउँदा दिनमा अवरोधको गाँठो फुकेन भने नेपालले चियाको भारतीय बजार हठात गुमाउनुपर्ने हुनसक्छ । काँकडभिट्टा भन्सारबाट सबैभन्दा धेरै निर्यात हुने वस्तुको पहिलो नम्बरमा अलैँची छ भने चौथो नम्बरमा चिया रहेको छ ।

मेची भन्सार कार्यालयको तथ्याङ्कअनुसार चालु आव २०८०/८१ को नौ महिनामा काँकडभिट्टा-पानीटचाङ्की नाका भएर रु. दुई अर्ब १८ करोड ८९ लाख २२ हजार मूल्यको चिया भारत निर्यात भएको छ । यसअघि आव २०७९/८० को चैतसम्मको नौ महिने अवधिमा सोही नाकाबाट रु. दुई अर्ब ६६ करोड ५४ लाख १८ हजार मूल्य बराबरको चिया भारत निर्यात भएको थियो ।

निर्यात व्यवसायमा संलग्न काँकडभिट्टाका रोशन अग्रवालका अनुसार भारतको केन्द्रीय सरकारबाटै नेपाली चियाको निर्यातमा अङ्कुश लगाउन शतप्रतिशत गुणस्तरको अव्यवहारिक नियम लगाइएको हो । निर्यात हुने चियाको ट्रकैपिच्छे अब पटना, दिल्ली, कोलकाताजस्ता टाढा रहेका प्रयोगशालाबाट गुणस्तरीय जाँचपास प्रमाणपत्र पेस गर्नुपर्ने झन्झट थपिएको उहाँले बताउनुभयो ।

बर्सेनि चियाको निर्यात बढ्ने गरे तापनि अघिल्लो आर्थिक वर्षको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भारततर्फ चियाको निर्यातमा १८ प्रतिशतले ऱ्हास आएको छ । "निर्यातको दर घट्न थालेको अवस्थामा भारतले शतप्रतिशत गुणस्तर परीक्षणको नयाँ बखेडा झिकेर अब त सामान नै रोकिदियो," अग्रवालको भनाइ छ ।

सिटीसी र अर्थोडक्स गरी दुवै प्रकारका चिया भारत निर्यात हुँदै आएको पूर्वअध्यक्ष मित्तलको भनाइ छ । उहाँले भन्नुभयो, "नेपाली चियाको ९० प्रतिशत निर्यात भारतमै हुने गरेको छ । पटके गुणस्तर परीक्षणको भारतीय सरकारको नियम लागू भयो भने नेपाली चिया उद्योग बन्द गर्नुपर्ने स्थिति सिर्जना हुन्छ ।" नेपालमा उत्पादित चियाको ९२ प्रतिशत मात्रा काँकडभिट्टा नाका भएर भारत निर्यात हुने गरेको छ । चियाको समस्याको बारेमा नेपाल सरकारले तत्काल भारत सरकारसँग वार्ता गर्नुपर्ने उहाँले बताउनुभयो ।

मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेमराज प्रसाईका अनुसार भारतले नेपालमा गरिएको गुणस्तर जाँचको रिपोर्टलाई मान्यता दिएको छैन । भारतको पानी ट्याङ्की भन्सारमा समेत गुणस्तर जाँच्ने प्रयोगशाला छैन । भारतको कोलकाता, दिल्ली, पटनालगायतका दूरीका हिसाबले टाढाको प्रयोगशालामा गरिएको गुणस्तर जाँचपासलाई मात्र भारतीय भन्सारले मान्यता दिने भएको हुँदा यसबाट नेपाली चिया निर्यातमा संलग्न व्यवसायीले झन्झट भोग्नु परिरहेको छ ।

नेपालबाट भारत निकासी हुने अर्को मुख्य मालवस्तुमा प्लाइउड र भेनियर सिट पनि पर्दछ । पछिल्लो छ महिनादेखि यी सामानको निकासीमा समेत भारतले 'आइएसआई' प्रमाणित हुनुपर्ने गुणस्तर मापदण्डको नयाँ नियम लगाएर अन्योल थपिदिएको छ । चालु आव २०८०/८१ को नौ महिनामा काँकडभिट्टा नाकाबाट रु. दुई अर्ब २६ करोड ८७ लाख ६१ हजार मूल्य बराबरको नेपाली प्लाइउड भारत निर्यात भएको छ । यसअघि आव २०७९/८० को चैतसम्मको नौ महिने अवधिमा सोही नाकाबाट रु. एक अर्ब २९ करोड ३८ लाख ८० हजार मूल्य बराबरको प्लाइउड भारत निर्यात भएको थियो ।

यही नाका भएर नेपाली भेनियर सिटको भारत निर्यात समेत उल्लेख्य रहेको छ । चालु आवको नौ महिनामा रु. ३३ करोड ५५ लाख ५६ हजार मूल्य बराबरको भेनियर सिट निकासी भएको थियो भने अघिल्लो आवको सोही अवधिमा रु. दुई करोड चार लाख ६८ हजार मूल्यको भेनियर सिट भारतमा निर्यात भएको देखिन्छ ।

भारत सरकारले आइएसआई मापदण्ड प्रमाणित नभएको नेपाली प्लाइउड तथा भेनियर सिटलाई भारतमा निर्यात हुन नदिने नयाँ नीति घोषणा गरिसकेको छ । नेपाली उत्पादनलाई यो मापदण्डभित्र आउन भारतले केही महिनाको म्याद मात्र दिएको नेपाल भेनियर उत्पादक सङ्घका केन्द्रीय उपाध्यक्ष श्याम न्यौपानेले बताउनुभयो । सङ्घका उपाध्यक्ष न्यौपाने भन्नुहुन्छ, "दिएको म्यादभित्र मापदण्ड पूरा गर्न सहज छैन । त्यसपछि भारतले नेपाली प्लाइउड र भेनियर सिट रोकिदिन्छ भन्ने चिन्ता फैलिएको छ ।" नेपालमा विदेशी मुद्रा भित्र्याउने निर्यात व्यापारमा प्लाइउड र भेनियरको ठूलो योगदान रहँदै आएको छ ।

चालु आव २०८०/८१ को चैतसम्मको नौ महिनामा काँकडभिट्टा नाकाबाट कुल रु. १८ अर्ब ५९ करोड एक लाख ७२ हजार मूल्य बराबरको विभिन्न कृषिजन्य उत्पादन विदेश निकासी भएको थियो । यसबाट सोही अवधिमा मेची भन्सार कार्यालयले कुल रु. १० अर्ब ३८ करोड १८ हजार राजस्व सङ्कलन गरेको भन्सार विभागको तथ्याङ्कले देखाएको छ ।

अघिल्लो र आवको नौ महिनाको तुलना गर्दा राजस्व सङ्कलनमा केही ऱ्हास आएको छ । आव २०७९/८० को नौ महिनामा मेची भन्सार कार्यालयबाट रु. १० अर्ब ४३ करोड २९ लाख ५७ हजार राजस्व सङ्कलन गरेको थियो । भारतले काँकडभिट्टा नाकाबाट पर्यटक आवागमनमा समेत अवरोध गरेको दुई वर्ष बितिसकेको छ । भुटान र भारतीय नागरिकताबाहेक तेस्रो मुलुकका पर्यटकलाई मात्र काँकडभिट्टा नाकाबाट आउजाउ गर्न भारतले अनुमति दिएको छ ।

तेस्रो मुलुकका पर्यटकलाई भारतले अनुमति नदिँदा पूर्वी नाकाबाट नेपालले वर्षेनी हजारौँ बङ्गलादेशीलगायतका विदेशी पर्यटकलाई स्वागत गर्न पाएको छैन । काँकडभिट्टा नाका पर्यटकीय दृष्टिले सुनसान बनेको छ । पूर्वी नाकाबाट आउने तेस्रो मुलुकका पर्यटकलाई भारतीय पक्षबाट भइरहेको अवरोध खुलाउन नेपालले उच्चस्तरीय पहल गर्नुपर्ने मेची भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मी बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "विगतमा काँकडभिट्टा भन्सार भएर भित्रिने कतिपय सामान डाइभर्ट भएर अहिले अन्यत्रैबाट आउन थालेको छ । सामानको आयात घट्दै जाने र नेपाली उत्पादनको निर्यातमा पनि समस्या आउन थालेका कारण मेची भन्सारमार्फत राज्यले सङ्कलन गर्दै आएको राजस्वमा असर पर्न थालिसकेको छ ।"

सीमावर्ती बासिन्दाको भारतीय बजारमै गएर किनमेल गर्ने पुरानो बानीका कारण एकातिर राजस्व गुमिरहेको र अर्कोतिर सीमावर्ती नेपाली बजार ग्राहक नपाएर सुनसान हुन थालेको उहाँले बताउनुभयो । भन्सार प्रशासनले अवैधरूपमा भित्रिने मालसामानको चेकजाँचमा कडाइ गरिरहेको समेत बताउनुभयो । पूर्व मेची बस व्यवसायी प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठका अनुसार भारतीय अवरोध एकपछि अर्को गर्दै थपिँदै गएकाले काँकडभिट्टा नाकाको कारोबारमा शिथिलता आएको छ । विगतमा बङ्गलादेशी पर्यटकको सहज आगमनका कारण सीमावर्ती बजार र पर्यटकीयस्थल चलायमान हुने गरेको जनाउँदै उहाँले हाल विदेशी पर्यटकलाई भारतले काँकडभिट्टा नाका प्रयोग गर्न नदिँदा स्थानीय होटल, ट्राभललगायतका पर्यटन व्यवसाय धराशायी भइरहेको बताउनुभयो । *रासस*

*राष्ट्राध्यक्ष...*

गरेको कुरालाई नयाँ सुरुआत बनाएर दुवै देश सम्बन्ध र वास्तविक सहकार्यलाई अझ उच्च स्तरतर्फ लैजाँदै जान चीन इच्छुक रहेको कुरा औँल्याउनुभएको छ ।

प्रधानमन्त्री ओर्बानले हङगेरी–चीन सम्बन्धलाई अझ उठाएर आधुनिकीकरणलाई साकार तुल्याउने आ–आफ्नो प्रक्रियामा दृढ र भरपर्दो साझेदारी बन्दै जाने आशा प्रकट गर्नुभएको छ ।

## हार्दिक समवेदना



जन्म २०१९/०३/०५

निधन २०८१/०१/१४

हाम्रा आत्मीय मित्र गंगालक्ष्मी वैद्यकी ममतामयी आमा **बुद्धलक्ष्मी वैद्य**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

सरस्वती सिंख्वाल, चण्डेश्वरी कोजू, देविका दनेखू, लिशा दनेखू, शर्मिला दण्डेख्या, नविना तुईतुई, रेविना डंगोल, सुलोचना छ्वाजू, रविना सैजू, कान्छी प्रजापति, सिर्जना प्रजापति

## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा